# प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक
योजना तथा व्यवस्थापन विभाग, एम. एड्
दोस्रो वर्षको आंशिक प्रयोजनको
लागि प्रस्तुत गरिएको

## शोधपत्र

प्रस्तोता
मनोजकुमार दास
त्रि.वि. दर्ता नं. : १२६२५
परीक्षा रोल नं. :१३००६१/२०६६

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
शैक्षिक योजना तथा व्यवस्थापन विभाग,
श्री सु.स.मो.यादव बहुमुखी
क्याम्पस, सिराहा
२०७१

# सिफारिस पत्र

स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन (EPM ५९८) विषयको पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत "प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली" शीर्षकको यो शोधपत्र श्री मनोजकुमार दासले मेरो निर्देशनमा अत्यन्त मिहिनेत र परिश्रम पूर्वक तयार पार्नुभएको हो । आवश्यक सैद्धान्तिक एवम् वस्तुगत आधारमा विश्लेषन गरिएको प्रस्तुत शोधपत्रबाट म सन्तुष्ट भएकोले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :..........................

..................

धर्मराज सिंह

शोध निर्देशक

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

श्री सु. स. मो. या. ब. क्याम्पस

सिराहा

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, श्री सू. स. मो. या. ब. क्याम्पस, सिराहाका छात्र श्री मनोजकुमार दासले तयार पार्नुभएको “प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली” शीर्षकको शोधपत्र शिक्षाशास्त्र सङ्काय विशिष्टीकरण शैक्षिक योजना तथा व्यवस्थापन विषयको शिक्षा स्नातकोत्तर तहका निमित उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १. प्रा. चन्देश्वर यादव<br>(विभागीय प्रमुख) | ........................ |
| २. आ.शि.धर्मराज सिंह<br>(शोध निर्देशक) | ........................ |
| ३. प्रा. डा. प्रदीपचन्द्र गौतम<br>(बाह्य परीक्षक) | ........................ |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मैले मेरा आदरणीय गुरूहरूका स्नेहपूर्ण आशीर्वाद, आफन्तहरूका उत्साहीत प्रेरणा र धेरै सहयोगी मित्रहरूका मित्रतापूर्ण सहयोग प्राप्त गरेको छु ।

आफ्ना समस्या र वाध्यतालाई पर पन्छाएर शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन र शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक प्रेरणा, हार्दिक सुझाव, सहयोग र कुशल निर्देशन दिनुहुने मेरा शोध निर्देशक आदरणीय गुरू आं. शि. श्री धर्मराज सिंहज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको प्रेरणा, उत्साह, अमूल्य सल्लाह एवम् सुझाव नपाएको भए यो शोधपत्र यो रूपमा तयार हुने थिएन । यसको सफलताको श्रेय आदरणीय गुरूलाई दिंदै म उहाँप्रति आभार व्यक्त गर्दछु । समयमा नै शोधप्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न सहयोग पुऱ्याउने शैक्षिक योजना तथा व्यवस्थापन विभागप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोधशीर्षक, शोधप्रस्ताव र शोधपत्रका सम्बन्धमा पर्याप्त ज्ञान दिई हामीलाई हौसला प्रदान गर्ने गुरूहरू प्रा. श्री चन्देश्वर यादव, श्री धर्मराज सिंह एवम् श्री किशोर चौधरीज्यू प्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेखन कार्यका निमित अन्तर्वार्ता दिने, प्रश्नावली भराउने, कक्षा अवलोकन गर्ने कामदेखि लिएर सप्तरी जिल्लाका विभिन्न तीनवटा विद्यालयमा पुग्दा हार्दिक सहयोग गर्ने प्रधानाध्यापकज्यू, शिक्षकहरू, अभिभावकहरू तथा विद्यालय परिवारका सम्पूर्ण सदस्यहरू हार्दिक धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति श्री दामोदर ठाकुर र विद्यालय निरीक्षक श्री अर्जुन खड्का ज्यूलाई आवश्यक सहयोग गरेकाले हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र लेखनकार्यका दौरानमा सद्भाव एवम् सहयोग गर्ने सहृदयी मित्र एवम् गुरूहरू श्री राजनारायण यादव, श्री देवनारायण झा, श्री थनेश्वर प्रसाद साह तथा अनिता दासलाई धन्यवाद नदिई रहन सक्दिन । गुरूहरू प्रा. श्री चन्देश्वर यादव एवम् श्री रामहित यादवज्यू प्रति पनि म कृतज्ञ छु ।

अन्तमा टङ्कनमा सहभागि ईष्टर्न ज्योती कम्प्युटर सर्भिस भारदहका श्री अमरेन्द्र पाठक एवम् संदिप कर्णलाई धन्यवाद दिदैं आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. शैक्षिक योजना तथा व्यवस्थापन विभाग श्री सू.स.मो.या.ब.क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी
मनोजकुमार दास
रोल नं.: १३००६१/२०६६
स्नातकोत्तर द्वितीय वर्ष
श्री सू.स.मो.या.ब.क्याम्पस
सिराहा

# शोध सार


प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली शीर्षकको प्रस्तुत शोध अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालयको प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको लेखाजोखा गर्नु रहेको छ ।

प्रस्तुत शोध अध्ययनबाट प्राप्त तथ्याङ्कहरूको विश्लेषन गर्न गुणात्मक तथा परिमाणात्मक मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनलाई पूरा गर्नका लागि उद्देश्यमूलक नमूना छनौटका आधारमा छनौट गरी सप्तरी जिल्ला श्री सर्वोदय उ.मा.वि. स्रोत केन्द्र अन्तर्गत पर्ने ३६ वटा विद्यालयहरू मध्ये ३ वटा विद्यालयलाई अध्ययन क्षेत्रको रूपमा लिएको छ । त्यसैगरी शिक्षक, प्र.अ., स्रोत व्यक्ति, वि.नि., अभिभावकको छनौट सम्भाव्य नमूना छनौट पद्धतिका आधारमा गरिएको छ । सम्बन्धित विद्यालयका अभिलेखहरूको पुनरावलोकन गरी सहायक तथ्याङ्क सङ्कलन गरी विश्लेषन गरिएको थियो ।

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीप्रति अधिकांश शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति तथा वि.नि.को सकारात्मक धारणा पाइयो । निरन्तर मूल्याङ्न प्रणाली सम्बन्धी तालिमको अपेक्षा राखेको, हाजिरीलाई प्रथम प्राथमिकतामा राखेको, सामयिक परीक्षालाई दोस्रो प्राथमिकतामा राखेको पाइयो ।

विद्यार्थी कार्यसञ्चयिका (पोर्टफोलियो) को व्यवस्थापन पूर्णरूपमा नगरिएको, मूल्याङ्कनका सबै साधनहरूको समुचित प्रयोग नभएको, आवधिक परीक्षा सङ्गै निरन्तर मूल्याङ्कनलाई पनि गतिशीलता नदिइएको, आत्म मूल्याङ्कन, परियोजना कार्य, अभिभावक सम्पर्क, अभिभावकलाई सिकाइ उपलब्धिको जानकारी न्यून रूपमा दिने गरिएको एवम् अभिभावक यस सम्बन्धमा अनभिज्ञ रहेको पाइयो ।

विद्यार्थीहरूको अनुपस्थितिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रमुख बाधकको रूपमा स्वीकार गरिएको सबै पक्षबाट यसको प्रभावकारी व्यवस्थापन नभएकोले विद्यार्थीको सिकाइ उपलब्धि घटेको यथार्थ स्वीकार गरेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापनका लागि विद्यार्थीको उपस्थितिमा ध्यान दिनुपर्ने, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको व्यवस्था हुनुपर्ने, बेलावेलामा तालिम, पुर्नताजगी तालिम दिनुपर्ने, समय-समयमा अनुगमन हुनुपर्ने, माथिल्लो निकाय मौन नबसेर सक्रिय रूपमा लाग्नु पर्ने, अभिभावक सचेत हुनुपर्ने आदि कुरामा सबै पक्षको एकमत रहेको पाइयो ।

अन्त्यमा शिक्षा प्रणालीकै महत्वपूर्ण अङ्गका रूपमा लिई निरन्तर मूल्याङ्न प्रणालीको समुचित व्यवस्थापन गर्न सके प्राथमिक तह मात्र होइन हरेक तहको शैक्षिक उपलब्धिमा कायापलट हुन सक्ने तथा आमूल परिवर्तन ल्याउन सकिने हुनाले निरन्तर मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन अपरिहार्य रहेको देखिन्छ ।

# विषयसूची


पेज नं.

| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोध सार | iv |

## परिच्छेद–१
## परिचय

| | | |
|---|---|---|
| १.१. | पृष्ठभूमी | १–५ |
| १.२. | समस्या कथन | ५–६ |
| १.३. | अध्ययनको औचित्य | ७–८ |
| १.४. | अध्ययनको उद्देश्य | ८ |
| १.५. | पूर्वकार्यको समीक्षा | ८ |
| १.६. | ध्ययनको सीमा | ८ |

## परिच्छेद–२
## पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका ९–२०

| | | |
|---|---|---|
| २.१. | सैद्धान्तिक साहित्यको खाका | |
| | २.१.१. सिकाइकेन्द्रित विचारधारको सिद्धान्त | ९ |
| | २.१.२. विद्यार्थी मूल्याङ्कनमा प्रगतिबादी सिद्धान्त | ९ |
| | २.१.३. उदार कक्षोन्नतिको सिद्धान्त | ९–१० |
| २.२. | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| | २.२.१. मूल्याङ्कनको अवधारणा | १०–११ |
| | २.२.२. विद्यार्थी मूल्याङ्कनको अवधारणा | ११–१५ |
| | २.२.३. निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा | १५–१६ |
| | २.२.४. निरन्तर मूल्याङ्कन प्रणालीका विशेषताहरू | १६ |
| | २.२.५. निरन्तर मूल्याङ्कनको आवश्यकता | १६–१७ |
| | २.२.५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्नुका उद्देश्यहरू | १७ |
| | २.२.६. निरन्तर मूल्याङ्कनको  शैक्षिक उपादेयता | १७–१८ |

२.३. अवधारणा निर्माण १८–२०

## परिच्छेद–३
## अध्ययन विधि

३.१. अनुसन्धान ढाँचा २१
३.२. नमूना छनौटका जनसङ्ख्या तथा आधारहरू २१–२२
३.२.१. जिल्ला छनौट २२
३.२.२. विद्यालय छनौट २२
३.२.३. शिक्षकको छनौट २२
३.२.४. विद्यालय प्र.अ.को छनौट २२
३.२.५. स्रोत व्यक्ति तथा वि.नि.को छनौट २३
३.२.६. अभिभावकको छनौट २३
३.३. सूचना / तथ्याङ्कका स्रोतहरू २३
३.३.१. प्राथमिक स्रोतहरू २३
३.३.१.१.शिक्षण अवधारणा (खुल्ला प्रश्नावली) २४
३.३.१.२.प्र.अ.को अवधारणा २४
३.३.१.३.स्रोत व्यक्ति तथा वि.नि.को अवधारणा २४
३.३.१.४.अभिभावकको अन्तर्वार्ता (अवधारणा) २४
३.३.२. द्धितियक स्रोत / सहायक स्रोत २४–२५
३.३.२.१.विद्यार्थी कार्यसञ्चयिका अभिलेख २५
३.३.२.२उपलब्धि परीक्षण २५
३.४. साधनहरू २५
३.५. साधनको वैधता २६
३.६. तथ्याङ्क सङ्कलन प्रक्रिया २६
३.७. तथ्याङ्कको विश्लेषण र व्याख्या २६

## परिच्छेद–४
## तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१. प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था बारे शिक्षकको अवधारणा २८–३६
४.१.१. निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थापनको वर्तमान अवस्था ३६–३७
४.१.२. मूल्याङ्कनका लागि प्रयोग गरिएको साधनको व्यवस्थापन सम्बन्धी विश्लेषण ३७–३९
४.१.३. कार्यसञ्चयिका (पोर्टफोलियो) व्यवस्थापनको अवस्था ३९–४०

४.१.४. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अवस्था ४१
४.२. प्र.अ.को अवधारणा ४१
४.२.१. निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्थापन एवम् कार्यान्वयन सम्बन्धी प्रधानाध्यापकको अवधारणा ४२–४३
४.२.२. निरन्तर मूल्याङ्कन प्रणालीको सबल र दुर्वल पक्षहरू सम्बन्धी प्रधानाध्यापकको अवधारणा ४३–४४
४.३. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन र कार्यान्वयन सम्बन्धमा स्रोतव्यक्ति र वि.नि.को अवधारणा ४४–४५
४.३.१. विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने कक्षा दोहोऱ्याउने सूचकमा प्रभाव पार्ने तत्वहरू ४५
४.३.२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन हुन नसक्नाका समस्याहरू ४५–४६
४.४. अभिभावकका अवधारणा ४६–४७
४.५. निरन्तर मूल्याङ्कन प्रणालीको विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव ४७–४८
४.६. समस्या सामाधान सम्बन्धी केन्द्रिभूत छलफल (FGD) ४८–४९

## परिच्छेद–५
## प्राप्ति , निष्कर्ष र सुझावहरू

५.१. प्राप्तिहरू ५०–५१
५.२. निष्कर्षहरू ५१–५२
५.३. सुझावहरू ५२–५३
सन्दर्भसूची ५४–५५
अनुसूचीहरू ५६–६५
तालिकाहरू ६६–६९
संक्षिप्त रूप ७०

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमी :

शिक्षा हरेक व्यक्ति तथा चौतर्फी विकासको मेरूदण्ड हो । यसको अभावमा मानव जीवनलाई सबल, सफल तथा सक्षम बनाउन नसकिने भएकाले तथा कुनैपनि समाज तथा राष्ट्रको चौतर्फी विकास सम्भव नहुने भएकाले यसलाई अपरिहार्य सूचकका रूपमा लिइन्छ ।
त्यसमा पनि प्राथमिक तहको शिक्षालाई विशेष महत्वका साथ हेर्ने गरिन्छ । प्राथमिक तह औपचारिक शिक्षाको आधार भएकोले प्रायः विश्वका सबै राष्ट्रहरूले यसलाई अङ्गीकार गरी विशेष महत्वका साथ हेर्ने गरेको देखिन्छ ।

व्यवहारिक जीवनका हरेक पक्षमा मूल्याङ्कनलाई विभिन्न अवधारणाको साथमा उपयोग गरिन्छ । मूल्याङ्कन सामान्य अर्थमा मूल्यको अङ्कन (Value Judgement) गर्ने प्रक्रिया हो । अतः मूल्य भनेको के हो जस्ता कुरा यसमा आउनु स्वभाविक हो । तसर्थ मूल्य भन्नाले व्यवहारिक जीवनका हरेक पक्षहरूमा निहित गुणस्तर वा महत्व नै हो । कुनै पनि प्रकारको मूल्याङ्कनको प्रमुख उद्देश्य मूल्याङिकत विषयमा सुधार गर्नु हो (खनाल,२०६३:१) ।

व्यक्तिमा निहित मूल्य तथा विचारलाई कुनैपनि स्तर दिई उत्तम, मध्यम वा निम्न भनी छुट्याएर उसमा सुधार गर्नु मूल्याङ्कनको प्रमुख उद्देश्य हो । मूल्याङ्कन शिक्षणको प्रमुख आधार हो । शिक्षा शिक्षणको प्रमुख लक्ष्य विद्यार्थीहरूमा अपेक्षित व्यवहारिक परिवर्तन भयो भएन, शैक्षिक उद्देश्य पूरा भयो भएन, शिक्षण प्रक्रियामा के-कस्तो सुधार ल्याउनु पर्ने हो, आदि कुराको लेखाजोखा गरी स्तर निर्धारण गर्नु नै शैक्षिक मूल्याङ्कन हो । विद्यार्थीहरूका लागि उपयुक्त शैक्षिक वातावरण निर्माण गरी विद्यार्थीहरूले के-कति लक्षित कुराहरू सिके सिकेनन् तथा कुन तरीकाबाट उनीहरू अझ बढी ज्ञान हासिल गर्न सक्दछ भन्ने कुरा पत्ता लगाउने साधन मूल्याङ्कन हो । (जबरा श्रेष्ठ र रञ्जितकार, २०६७ : २१) ।

मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमी पल्टाएर हेर्ने हो भने इसापूर्व २००० भन्दा पहिला देखि नै नागरिक सेवा र सरकारी जागिर खाने व्यक्तिहरूलाई योग्यता निर्धारण गर्न चीनबाट यसको सुरूवात भएको पाइन्छ । त्यसैगरी ग्रीक दार्शनिक सुकरातले शाब्दिक मूल्याङ्कनलाई शिक्षणा सिकाइको एक पक्षको रूपमा प्रयोग गरेको ऐतिहासिक तथ्य पाइन्छ

भने औपचारिक शैक्षिक मूल्याङ्कन प्रक्रियाको विकास हुने १९ औं शताब्दीको मध्यसमयमा पनि भएको पनि पाइँदैन (खनाल, २०६३ : ५१,५३) ।

यसरी मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमितिर फर्केर हेर्दा यसको सुरूवात चीनबाट भएको देखिन्छ जुन सरकारी सेवामा प्रवेश गराउनका लागि प्रयोग गरिएको थियो ।

हाम्रो देश नेपालको सन्दर्भमा हेर्ने हो भने मूल्याङ्कन प्रणालीलाई महत्व दिने पहिलो नीतिगत दस्तावेज वि.स १९९६ सालको शिक्षा इस्तिहारमा देखिन्छ । यसले मूल्याङ्कनको बारेमा उल्लेख गरेको छ-हरेक लडकाको काम र आचरणका रेकर्ड राख्ने किताब खडा गर्नु- पर्दछ । सकभर वर्षको दुई पटक वा एक पटक त्यसको छोटरी उत्तर बाबुआमा तथा संरक्षकहरूलाई पठाउनु पर्दछ (खनाल, २०६७ : १) ।

यसरी नेपालमा नीतिगत रूपमा शिक्षा इस्तिहार वि. सं. १९९६ ले पहिलो पटक मूल्याङ्कनको सुरूवात गरेको देखिन्छ । जसलाई नेपालमा औपचारिक मूल्याङ्कन पद्धतिको श्रीगणेशको रूपमा लिन सकिन्छ । त्यसपछि विस्तारै मूल्याङ्कन पद्धतिले फड्को मार्दै गएको देखिन्छ । शिक्षा इस्तिहार वि. सं. १९९६ को यस्तो नीतिलाई केलाउँदा विद्यार्थीहरूको मूल्याङ्कन गरी उनीहरूको स्तर हेरी सुधार गर्नु यसको लक्ष्य रहेको देखिन्छ ।

देशमा समय समयमा हुने गरेको राजनैतिक परिवर्तन सङ्गसङ्गै शिक्षाको क्षेत्रमा गठन भएका विभिन्न शिक्षा आयोग आदिले पनि विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन निरन्तर र स्तरीय प्रक्रियाबाट हुनैपर्ने सुझाव दिएका छन् ।

नेपाल राष्ट्र शिक्षा आयोग, २०१० को प्रतिवेदन (नेपालमा शिक्षा २०११) को सिफारिस अनुसार विद्यार्थी सिकाइका सम्पूर्ण पक्षहरूको मूल्याङ्कन निरन्तर प्रणालीमा गर्ने र लिखित परीक्षामा मात्र सीमित रहेको एस. एल. सी. परीक्षामा पनि सुधार ल्याउनुपर्ने सुझाव दिइएको छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन-२०१८का अनुसार मौलिक र दक्षतामा आधारित मूल्याङ्कन हुनुपर्ने सुझाव दिइएको छ । त्यस्ता मूल्याङ्कन प्राथमिक तहको विद्यार्थीहरूका

लागि लक्षित हुनुपर्ने एवम् विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिका सम्पूर्ण पक्षहरूको प्रत्येक महिनामा निरन्तर रूपमा गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

त्यसैगरी राष्ट्रिय शिक्षा पद्धतिको योजना-२०२८ ले प्राथमिक तहका विद्यार्थीहरूको मूल्याङ्कनका लागि विस्तृत र निरन्तर मूल्याङ्कन रणनीति अपनाएर मूल्याङ्कनका विविध साधनहरूको उपयोग गरिनुपर्ने कुरा उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०४९ ले प्राथमिक तहका विद्यार्थीहरूको मूल्याङ्कन नियमित परिपाटीबाट गरिनुपर्ने तथा मूल्याङ्कन गर्दा मौखिक, व्यवहारिक पक्षको लेखाजोखा गरी र अतिरिक्त क्रियाकलापमा संलग्नता साथ पाठको अन्त्यमा कक्षा वा एकाइ परीक्षा लिई विद्यार्थीको अभिलेख राखी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिनुपर्दछ भन्ने कुरा उल्लेख गरेको छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५ ले प्राथमिक तहका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्थाबाट सृजित शैक्षिक क्षतिलाई हटाउन र विद्यार्थीलाई अध्ययनमा थमाइराख्न कक्षा-१ देखि कक्षा-३ सम्मका विद्यार्थीहरूले स्वभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षा चढ्न पाउने उदार कक्षोन्नति व्यवस्था अपनाउनु पर्नु र त्यस्तो उदार कक्षोन्नति प्रयोजन र विद्यार्थीहरूको उपलब्धि लेखाजोखाको निम्ति वार्षिक परीक्षाको अतिरिक्त मासिक परीक्षा, मौलिक परीक्षा, गृहकार्य, उपस्थिति, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य जस्ता कुरालाई आधार बनाई मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

विद्यालय क्षेत्र सुधार योजना (SSRP २०६२-२०६७) ले प्राथमिक तहमा बालबालिकाको पहुँच शतप्रतिशत पुऱ्याई कक्षा-१ देखि कक्षा-३ सम्म मूल्याङ्कन पूर्णरूपमा
निरन्तर मूल्याङ्कन प्रणालीबाट गरी विद्यालयमा देखिने विभिन्न समस्याहरू जस्तै कक्षा छाड्ने, दोहोऱ्याउने, अनुत्तीर्ण हुने जस्ता सूचकहरूलाई कम गरी मूल्याङ्कन प्रणालीलाई

वैज्ञानिक बनाएर विद्यालयमा शैक्षिक क्षेत्रमा गुणस्तर वृद्धि गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

शिक्षा विभाग (सन् २००६) को प्रतिवेदन अनुसार प्राथमिक तहमा विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने दर क्रमशः कक्षा १, २ र ३ मा सर्वाधिक रहेको देखिन्छ । त्यसैगरी सोही कक्षाहरूमा कक्षा छोड्ने दर पनि उच्च रहेको देखिन्छ । प्राथमिक तह उत्तिर्ण गरी निम्न माध्यमिक तहको कक्षा ६ सम्म प्रवेश गर्ने दर केवल ८१.१% रहेको देखिन्छ । यस्तो हुनुको प्रमुख कारण धेरैजसो

विद्यालयहरूले प्राथमिक तहमा निरन्तर मूल्याङ्कनद्वारा उदार कक्षोन्नति व्यवस्था प्रणाली नअपनाइनु हो भनी प्रतिवेदनले औँल्याएको पाइन्छ ।

नेपालमा पनि ‘सबैको लागि शिक्षा’ भन्ने नाराका साथ शिक्षामा सम्पूर्ण बालबालिकाको पहुँच पुऱ्याउने प्रतिबद्धताका साथ विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गरिंदै आएको पाइन्छ । शिक्षाको गुणस्तर सुधार गर्नका लागि विगत चार-पाँच दशकदेखि विभिन्न प्रयासहरूको थालनी हुँदै आएको पाइन्छ तर पनि विभिन्न कारणले गर्दा शिक्षाको क्षेत्रमा आशातीत प्रगति एवम् सुधार हुन सकेको छैन तथा लगानी अनुसारको प्रतिफल पनि प्राप्त हुन सकिरहेको छैन ।

यसै सन्दर्भमा पाठ्यक्रम विकास केन्द्र (सन् २००५) को एक अध्ययनले देशको शैक्षिक स्तर सुधार नहुनु तथा अपेक्षित लक्ष्य पूरा नहुनुका विभिन्न कारणहरूमध्ये विद्यार्थीहरूको मूल्याङ्कन प्रणालीका पनि एक प्रमुख कारक तत्व हो भन्ने कुरा उल्लेख गरेको थियो ।

समय-समयमा देशमा भएका विभिन्न राजनैतिक परिवर्तन सङ्गसङ्गै शिक्षाको क्षेत्रमा गठन भएका विभिन्न आयोगले विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन निरन्तर तथा स्तरीय प्रक्रियाबाट हुनुपर्ने सुझाव दिएका छन् ।

शिक्षा कोक्राबाट सुरू भई चिहानमा अन्त्य हुने, निरन्तर चलिरहने शिक्षा आर्जनको प्रक्रियामा निरन्तर मूल्याङ्कन हुनु पनि अत्यावश्यक छ । त्यसमा पनि विद्यालय स्तरको

आधारभुत तह उच्च शिक्षाको जग भएकोले यस तहमा प्रभावकारी शिक्षणका साथै गुणस्तरीय शिक्षाको लागि निरन्तर तथा प्रभावकारी मूल्याङ्कन हुनु आवश्यक देखिन्छ ।

नेपालका प्राथमिक विद्यालयहरूमा विभिन्न कारणहरूले गर्दा विद्यार्थीको विद्यालय छाड्ने दर र उच्च कक्षा दोहोऱ्याउने दरको फलस्वरूप प्राथमिक शिक्षाको कार्यकुशलतामा नकारात्मक असर पऱ्यो । विद्यालयको विद्यमान परीक्षा प्रणालीले गर्दा विद्यार्थीहरू परीक्षादेखि डराई विद्यालयप्रति आकर्षित हुनुको सट्टा विद्यालय छाड्ने क्रम बढेको देखियो । यसै कुरालाई हृदयङ्गम गरी पुरानो परीक्षा प्रणालीमा सुधार ल्याउँदै विद्यालय भर्ना भएदेखि
नै निरन्तर रूपमा विद्यार्थीले देखाएको विभिन्न क्षमता र दक्षताहरूको अभिलेख राखी अनौपचारिक रूपमा विभिन्न परीक्षा समेत सञ्चालन गरी मूल्याङ्कन गर्ने नयाँ प्रणालीको विकास भयो । यसको प्रयोग प्राथमिक शिक्षा पाठ्यक्रम २०४८ ले व्यवस्था गरेको अनौपचारिक मूल्याङ्कनको अवधारणा

अनुसार शिक्षा मन्त्रालयले वि.सं.२०५७ सालमा इलाम, चितवन, स्याङ्जा र कञ्चनपुर जिल्लाहरूमा कक्षा-१ बाट क्रमशः सुरू गरिएको थियो । यस प्रणाली अनुसार छुट्टै परीक्षा नलिई विद्यार्थी प्रगतिको आधारमा उदार कक्षोन्नतिको व्यवस्था गरिएको थियो (पराजुली २०६६: ६) ।

यसैका आधारमा विद्यार्थीहरूलाई उनीहरूको क्षमता, उमेर तथा व्यवस्थित हाजिरीका आधारमा निरन्तर मूल्याङ्कन गरी उदार कक्षोन्नतिको नीति कार्यान्वयनमा ल्याईएको देखिन्छ ।

## १.२ समस्या कथन :

अध्ययन विशलेषणसित सम्बन्धित समस्या नै समस्याको कथन हो । शैक्षिक मूल्याङ्कनका एक आधुनिक वैज्ञानिक अवधारणा हो । हाम्रो यहाँ मूल्याङ्कन भनेको जाँच लिनु, परीक्षा लिनु, एउटा निश्चित मापदण्डका आधारमा उत्तीर्ण/अनुत्तीर्ण गराउनु हो भने मान्यता प्रचलनमा रहेको छ । जाँच, परीक्षा आदि सामयिक कार्यक्रम तथा मूल्याङ्कनका साधन मात्र हुन् । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा

सधैं चलिरहन्छ । शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि निरन्तर मूल्याङ्न प्रणाली अत्यावश्यक रहेको देखिन्छ । त्यसमा पनि हाम्रो देशको जस्तो विविधतायुक्त समाजमा निरन्तर मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयन गरी यसका चुनौतीहरूको समाधान गर्नु अति आवश्यक देखिन्छ ।

विगतमा २०५७ साल देखि प्राथमिक तहमा निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग थालिए पनि ७-८वर्षदेखि देशभरिका सम्पूर्ण विद्यालयहरूमा यसको प्रयोग गरिँदै आएको छ ।
एकातिर यसको व्यवस्थापन, कार्यान्वयन एवम् चुनौती पक्ष कसरी अगाडि बढिरहेको छ भन्ने कुरामा सम्बन्धित पक्षले त्यति चासो राखेको पाइदैन भन्ने अर्कातिर यस पद्धतिलाई विद्यालयहरूले पूर्ण रूपमा प्रयोग गरेर बालबालिका/विद्यार्थीको मूल्याङ्कन गर्दै स्तर निर्धारण गर्दै आएका छन् तर यसको गुणस्तरको अवस्था कस्तो छ ? भन्ने कुरा प्रमुख सवालको विषय हो । तसर्थ प्राथमिक तहमा निरन्तर मूल्याङ्कनको व्यवस्थापन, कार्यान्वयनको अवस्था एवम् चुनौती कस्तो छ ? के छ ? यसको व्यवस्थापन र कार्यान्वयनमा देखिएका समस्याहरू के-के हुन् ? चुनौतीहरू के-के रहेका छन् ? भन्ने सम्बन्धमा देखिएका समस्या तथा चुनौतीहरूको निवारणका उपायहरू क-के हुन

सक्छन् ? यसका सबल तथा दुर्बल पक्षहरू के-के रहेका छन् ? भन्ने जस्ता प्रश्नहरूको जवाफको खोजी गर्नेतर्फ यो अध्ययन अनुसन्धान केन्द्रित रहेको छ ।

विशेषगरी विद्यालयमा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था, विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु, व्यवस्थापन गर्दा भोग्नुपरेका समस्याहरू पत्ता लगाउनु, देखापरेका चुनौतीहरूको खोजी गर्नु, व्यवस्थापनसित सम्बन्धित ती समस्या तथा चुनौतीहरू कस्ता, किन र कसरी उत्पन्न भएका छन्, कुन-कुन उपायहरू अपनाएर प्रभावकारी व्यवस्थापन गर्न सकिन्छ भन्ने जस्ता प्रश्नहरूको पहिचान गर्नु नै यस अध्ययनको मुख्य समस्या रहेको छ ।

## १.३ अध्ययनको औचित्य :

हरेक अध्ययन तथा अनुसन्धानको आफ्नै छुट्टै औचित्य रहेको हुन्छ । शिक्षाको क्षेत्रमा थुप्रै समस्याहरू रहेका छन्, जसमध्ये प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा देखिएका चुनौतीहरू एक प्रमुख समस्या हो । निरन्तर मूल्याङ्कन प्रणालीको फित्तलो व्यवस्थापनले गर्दा शिक्षाको क्षेत्रमा समुचित मूल्याङ्कन हुन सकेको छैन भने यससित अरू-अरू थुप्रै समस्याहरू उत्पन्न भएका छन् । निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा देखिएका चुनौतीहरू पन्छाउँदै सुधार ल्याउन सकेमा शैक्षिक उपलब्धि बढेर शिक्षाको गुणस्तर अभिवृद्धि हुने, शैक्षिक लगानी अनुरूपको प्रतिफल प्राप्त हुने तथा समग्रमा शैक्षिक क्षेत्रमा देखापरेका अन्य त्रुटिहरू पनि आफै कम भएर जाने भएकाले प्रस्तुत अध्ययन विश्लेषन निकै नै औचित्यपूर्ण रहेको देखिन्छ ।

प्रस्तुत अध्ययनको प्रस्तुत औचित्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

(क) परम्परागत प्रचलित मूल्याङ्कन प्रणालीको ठाउँमा निरन्तर मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन गर्न,

(ख) मूल्याङ्कन प्रणालीमा देखिएका कमी कमजोरीहरू पन्छाउँदै समुचित मूल्याङ्कन प्रणालीको कार्यान्वयनमा जोड दिन,

(ग) अभिभावकलाई, शिक्षकलाई, प्र. अ. लाई अर्थात् सरोकारवाला सबै पक्षलाई निरनतर मूल्याङ्कन प्रणालीका सम्बन्धमा थाहा नभएका कुराहरूबारे जानकारी गराइ बालबालिकाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन,

(घ) शिक्षकका विभिन्न समस्याहरूले यसको व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गरी समस्या निवारणका उपायहरू खोजी व्यवस्थापन पक्षलाई सहज बनाउन,

(ङ) यस प्रणालीलाई सरल र सहजतापूर्वक विद्यालयमा व्यवस्थापन गर्न तथा यससँग सम्बन्धित अध्ययन अनुसन्धानमा लागेकाहरूलाई हदसम्म सहयोग गर्न,

(च) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ।

माथि उल्लेखित कुराहरू यस अध्ययनबाट पूरा हुने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य :

निम्नलिखित उद्देश्यहरू पूरा गर्नको लागि यो अध्ययन गरिएको छ :

(क) प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था पत्ता लगाउनु,

(ख) निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउनु,

(ग) निरन्तर मूल्याङ्कन प्रणालीका समस्या समाधानका उपायहरू खोजी गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा :

प्रस्तुत अध्ययन अनुसन्धानको शीर्षकसित सम्बन्धित अन्य पक्षहरूको बारेमा अध्ययन अनुसन्धान गरिएको पाइएतापनि “प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली” का सम्बन्धमा गरिने प्रस्तुत अध्ययन सम्भवत: पहिलो भएकाले यहाँ पूर्व कार्यको समीक्षा प्रस्तुत गरिएको छैन । शीर्षकसित सम्बन्धित अन्य पक्षहरूका बारेमा गरिएको पूर्व साहित्यको अध्ययनहरू अध्याय-दुईमा प्रस्तुत गरिएको छ ।

## १.६ अध्ययनको सीमा :

(क) प्रस्तुत अध्ययन अनुसन्धान सप्तरी जिल्लाको श्री सर्वोदय उ. मा. वि. कञ्चनपुर स्रोत केन्द्र अन्तर्गतका ४१ वटा सामुदायिक विद्यालयहरूमध्ये, श्री राष्ट्रिय मा. वि. फत्तेपुर-३, श्री कंकालनी मा. वि. पोर्ताहा-२ र श्री राष्ट्रिय मा. वि. बनरैत टोल बरमझिया-९ गरी

३ वटा विद्यालयमा केन्द्रित भई गरिएको छ ।

(ख) प्रस्तुत अध्ययन तोकिएका विद्यालयहरूको 'प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली' मा मात्र सीमित रहेको छ ।

# परिच्छेद-दुई
# पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित विषयसँग गरिएका पूर्व अध्ययन विश्लेषण, प्रकाशित लेख, रचना, पत्रपत्रिका आदिको विश्लेषण नै पूर्व साहित्यको समिक्षा/पूर्व साहित्यको पुनरावलोकन हो ।

## २.१ सैद्धान्तिक साहित्यको खाका :

### २.१.१ सिकाइकेन्द्रित विचारधाराको सिद्धान्त :

यस दर्शनमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया, शिक्षण कार्यक्रम सँगसँगै गर्नुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । यसले मूल्याङ्कन सुधारात्मक र निरन्तर हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै बालकको दैनिक मूल्याङ्कन कार्यसञ्चयिका वा अभिलेख राख्ने कुरामा जोड दिएको पाइन्छ । बालकको स्तर तथा क्षमता पहिचान गरी उदार कक्षोन्नतिको प्रयोग गर्नुपर्ने तथा बालकको मनोवैज्ञानिक तरिकाले मूल्याङ्कन गर्नुपर्ने मान्यता यस सिद्धान्तले राख्दछ । स्टेफेन, (२००८: १२९) ।

### २.१.२ विद्यार्थी मूल्याङ्कनमा प्रगतिवादी सिद्धान्त :

बालक प्रगतिवादको आदर्श हो । यस सिद्धान्तले बालकको वर्तमान रूचि, आवश्यकता र व्यक्तिगत भिन्नतालाई सर्वाधिक महत्वका रूपमा लिइन्छ र यसले बालकलाई सिकाएको केन्द्रविन्दु मान्दै बालकको सम्पूर्ण पक्षलाई दृष्टिगत गरी तथा मूल्याङ्कन गरी अनुत्तीर्ण, उत्तीर्ण भन्दा पनि वर्गीकरण गरेर स्तर तथा क्षमता पहिचान गर्नुपर्दछ भन्ने मान्यता राख्दछ ।

### २.१.३ उदार कक्षोन्नतिको सिद्धान्त :

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका-२०६८ का अनुसार "बालबालिकाले के , कति र कुन समयमा सिक्न सक्दछ भनी निरन्तर रूपमा गरिने सुधारात्मक पृष्ठपोषणलाई उदार कक्षोन्नति भनिन्छ ।"

बालकले आफ्नो दैनिक जीवनमा अनगिन्ती कुराहरू अतिरिक्त शिक्षामार्फत सिकेर आएका हुन्छन् । यस्ता बालबालिकालाई एक वर्षसम्म शिक्षण सिकाइमा सहभागी गराएर परीक्षाको

आधारमा उत्तीर्ण वा अनुत्तीर्णको पदवी दिनुभन्दा यसको सिकाइको वास्तविक स्थिति किटान गर्नु बाञ्छनीय हुन्छ (निरन्तर मूल्याङ्कन प्रणाली,विशेष बुलेटिन, २०६८:२) ।

यस सिद्धान्तले विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा कक्षोन्नति गर्नुभन्दा पनि मूल्याङ्कनका सबै साधनहरूको प्रयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी त्यसका आधारमा कक्षोन्नति गर्नुपर्ने मान्यता राख्दछ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन :

### २.२.१ मूल्याङ्कनको अवधारणा :

'मूल्य' र 'अङ्कन' (मूल्य + अङ्कन) यी दुई शब्द मिलेर मूल्याङ्कन शब्दको निर्माण भएको छ ।मूल्यको शाब्दिक अर्थ उपयोगिता/महत्व र अङ्कनको अर्थ मापन हुन्छ ।
यसरी कुनैपनि कुरोको उपयोगिता र महत्वको लेखाजोखा गर्ने एवम् मापन गर्ने प्रक्रियालाई नै मूल्याङ्कन भनिन्छ । यसरी मूल्याङ्कन भन्नाले कुनैपनि विषयवस्तुको मूल्यनिर्धारण गर्नु हो । (Pophan, 1975 :9) ।

साधारण अर्थमा पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धिहरू शिक्षण सिकाइ प्रक्रियाबाट विद्यार्थीले के कतिसम्म हासिल गर्न सकेको जानकारी गर्ने निश्चित तौर तरिका नै मूल्याङ्कन हो । तसर्थ विद्यार्थीले प्राप्त गरेको ज्ञान राम्रोसँग थाहा पाउन प्रयोग गरिएको कुनै पनि विधि मूल्याङ्कन हो । विद्यार्थी मूल्याङ्कनमा सिकाइ सम्बन्धि सुचनाहरूको सङ्कलन, विश्लेषण र प्रयोग गर्ने कार्य हुन्छ । विद्यार्थी मूल्याङ्कनबाट प्राप्त सुचनाहरू शिक्षण सिकाइमा सुधार गर्न तथा विद्यार्थी, शिक्षक तथा अन्य सरोकारबालाहरूलाई पृष्ठपोषण दिन प्रयोग गरिन्छ (निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक निर्देशिका, २०६४:१) ।

मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो । जुन व्यापक हुन्छ । यसले गुणात्मक र सङ्ख्यात्मक मापनको साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण उद्देश्य, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा गर्दछ । कुनैपनि वस्तु, प्रक्रिया तथा घटनाको परिमाणलाई गुणात्मक मूल्याङ्कन भनिन्छ । कुनै पनि वस्तु, प्रक्रिया तथा घटनाको परिमाणलाई गुणात्मक स्वरूप दिन्छ

यसले गुणको परिमाणलाई उपयुक्त अनुपयुक्तको विभिन्न वर्गमा स्तरीकरण गरी यसको स्वरूप बारे पनि दृष्टिकोण प्रदान गर्दछ (जबरा श्रेष्ठ, रञ्जितकारः २०६५:२९) ।

Gronlund (1976) ले मूल्याङ्कनलाई यसरी परिभाषित गरेको पाइन्छ । सामान्यतया मूल्याङ्कनलाई मूल्यको अङ्कन गर्ने प्रक्रियाको रूपमा लिइन्छ । मूल्याङ्कन अन्तर्गत सिकारूको व्यवहारको गुणात्मक र परिमाणात्मक दुवै विवरणका साथै त्यस व्यवहारसँग सम्बन्धित मूल्य निर्धारण गर्दछ (जबरा श्रेष्ठ, रञ्जितकारः २०६५:२९) ।

निष्कर्षमा कुनैपनि विषयवस्तुको अवस्था, वस्तुगतता, क्रिया, घटना वा विषयमा अन्तरनिहित मूल्य आदिको व्यवस्थित, योजनाबद्ध अनुशासित एवम् वैज्ञानिक पद्धतिबाट लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन हो । बालबालिकाको हकमा विद्यार्थी वा उपलब्धि पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने प्रक्रिया नै मूल्याङ्कन हो ।

## २.२.२ विद्यार्थी मूल्याङ्कनको अवधारणा :

मूल्याङ्कनका विभिन्न तरिकाले कुनै निश्चित तह वा विषयका उद्देश्य विद्यार्थीको व्यवहारमा लागू भयो वा भएन भनी लेखाजोखा गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो (शर्मा एण्डशर्मा, २०५८:१३०) ।

विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण गर्ने लगायत उसलाई सुधार गर्ने प्रकारका पद्धति नै मूल्याङ्कन हो । विद्यार्थीलाई श्रेणीकरण गर्ने तथा सुधार गर्ने आशयले मूल्याङ्कन गरिन्छ (जबरा, श्रेष्ठ र रञ्जितकार, २००५:३२) ।

विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा नारायण प्रसाद पन्थले आफ्नो पुस्तक "शिक्षामा मापन तथा मूल्याङ्कन, २०६५" मा विद्यार्थी प्रगति लेखाजोखा तथा उद्देश्यगत रूपमा मूल्याङ्कनका साधन प्रयोग गर्नुपर्ने साथै सिकाइका कठिनाइस्तर पत्ता लगाई उचित मार्गदर्शन गर्ने कार्य मूल्याङ्कनले गर्दछ भनी उल्लेख गरेका छन् ।

Potel (1985) ले आफ्नो पुस्तक Educational Evaluation (1993) मा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यलाई आन्तरिक मूल्याङ्कनका रूपमा लिइनुपर्ने उल्लेख गर्दै उनले यसबाट निम्नलिखित कुरा उल्लेख गरेका छन् -

- आन्तरिक मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन प्रणालीको अभिन्न अङ्गको रूपमा लिइनु पर्दछ । निरन्तर मूल्याङ्कन प्रणाली विद्यार्थीका सम्पूर्ण पक्षहरूको व्यापक र सघन मूल्याङ्कन गरिनुपर्दछ । मूल्याङ्कनद्वारा विद्यार्थीको शैक्षिक उपलब्धिहरू व्यक्तित्व व्यवहारहरू साथै शैक्षिक उद्देश्यहरू अन्तर्गत तिनवटै क्षेत्रहरू संज्ञात्मक, प्रणाली, मनोक्रियात्मक क्षेत्र अन्तर्गत सम्पूर्ण पक्षको मूल्याङ्कन समेटिनुपर्छ ।

- निरन्तर मूल्याङ्कनलाई सम्पूर्ण शैक्षिक कार्यक्रम अन्तर्गत निर्माण गरिनुपर्दछ र यसले विद्यार्थीको उपलब्धि स्तरलाई प्रमाणित गर्नुभन्दा पनि विद्यार्थीको उपलब्धि स्तर सुधार गर्न तर्फ विशेष रूपले प्रयोग गरिनु आवश्यक हुन्छ ।

- निरन्तर मूल्याङ्कनलाई अन्तिम परीक्षा वा वार्षिक परीक्षाको पूरकको रूपमा प्रयोग गरिनुपर्दछ ।

- निरन्तर मूल्याङ्कनमा समावेश हुने प्रश्नको स्तरीकृत प्रक्रियाबाट अङ्कन गरिनु आवश्यक हुँदैन यिनीहरू अन्तर्गत कतिपय प्रश्नहरू व्याख्यात्मक रूपबाट पनि समाधान गर्न सकिन्छ । निरन्तर मूल्याङ्कनद्वारा प्राप्त हुने अङ्कन अभिलेखलाई छुट्टै राख्नु पर्दछ ।अन्य अङ्कनहरूसँग समिश्रण गरी औषत अंकमा रूपान्तरण गर्नु हुँदैन।

- निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीका परिवर्तित अभिवृत्तिहरूलाई समेट्ने हुनु पर्दछ र विद्यालय कार्यक्रमका प्रत्येक कार्यक्रमहरूमा विद्यार्थीको सहभागितामा जोड दिनुपर्दछ ।

- निरन्तर विद्यार्थी मूल्याङ्कन सकेसम्म वस्तुगत हुनुपर्दछ साथै यो पक्षपातरहित हुनुपर्दछ । निरन्तर मूल्याङ्कन एकाइ परीक्षा, मौखिक परीक्षा, प्रयोगात्मक परीक्षा, कक्षाकार्य, गृहकार्य, अवलोकन स्केलहरू, परीक्षणहरू, सामाजिक र सांस्कृतिक क्रियाकलापमा सहभागिता आदि जस्ता कुराहरूमा आधारित रहेर निर्माण गरिनुपर्दछ (पृ. २३९) ।

उनले निरन्तर मूल्याङ्कनद्वारा विभिन्न items को अङ्कभार निर्धारण गर्दा परीक्षाको २५ प्रतिशत दुई माध्यम परीक्षाको २५ प्रतिशत दक्षता परीक्षणको १० प्रतिशत गृहकार्य तथा कक्षा कार्यको १० प्रतिशत tearms paper को १० प्रतिशत तथा प्रत्येक assignment (१० मध्ये प्रत्येक एक विषय) २५ प्रतिशतको दरले जम्मागरी १०० अङ्कन गरिनुपर्ने उल्लेख गरेका छन् ।

साथै उनले अतिरिक्त पाठ्यक्रमीय क्रियाकलापहरूको मूल्याङ्कन गर्दा पुस्तकालय कार्य खेलकुद तथा खेल कार्यहरू, वादविवाद, चित्रकला, सङगीत अध्ययन वृत्त तथा शैक्षिक भ्रमणहरू गरी ५ वटा क्षेत्रहरूमा क्रमशः २०/२० प्रतिशतका दरले जम्मा १०० प्रतिशत अङ्क प्रदान र्गुपर्ने कुरा उल्लेख गरेका छन् (उहि, पृ. २४०) ।

विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन आवश्यक हुन्छ प्राप्तिमा पृष्ठपोषणको व्यवस्थापन गर्दा विद्यार्थी सिकाइमा महत्वपूर्ण योगदान पुग्नसक्ने कुरामा जोड दिएका छन् । यसको अर्थ मूल्याङ्कन भनेको परीक्षाको अङ्कन प्रोजेक्टको नतिजा मात्र दिनुभन्दा ज्यादा हो । यसले विद्यार्थीका सबल र दुर्बल पक्षहरू औल्याउँछ र कसरी उनीहरूका प्राप्तिमा सुधार ल्याउन सकिन्छ भन्ने उपयोगी सूचनाहरू समेत समावेश गरेको

हुन्छ (शर्मा एण्ड शर्मा २०५८:१३०-२८५) । विद्यार्थीको सबल तथा दुर्बल पक्षको निदान गरी उसमा पृष्ठपोषण दिई सुधार गर्नु नै मूल्याङ्कन हो ।

हिल्डातावाले सन् १९६२ मा आफ्नो पुस्तक curriculum development (theory and practice मा शैक्षिक कार्यक्रम मूल्याङ्कन गर्दा निम्न आधारमा ध्यानदिनुपर्ने बताएकी छन् ।

- उद्देश्यहरूसँगको एकरूपता
- बोध गम्यता
- निदानात्क मूल्य समग्रता
- बैधता
- मूल्याङ्कन लेखाजोखाको एकता वा गठन
- निरन्तरता

एउटा प्रभावकारी र सक्षम मूल्याङ्कनका लागि लिइनुपर्ने विभिन्न आधारहरूमध्ये माथि उल्लेख गरिएका आधारहरूमध्ये अन्तिम आधार निरन्तरता सम्बन्धी सविस्तार वर्णन गर्दै अगाडि भन्दछिन् -

विद्यार्थी मूल्याङ्कनलाई निरन्तर प्रक्रियाको रूपमा लिनुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई पाठ्यक्रम विकास र शिक्षण कार्यकै एउटा अभिन्न पाटोको रूपमा हेरिनुपर्दछ । पाठ्यक्रम वा पाठ्यपुस्तक अन्तर्गत विद्यार्थी तयारीपना उनीहरूका कठिनाइलाई शिक्षण कार्यक्रमकै अघिल्लो चरण वा अघिल्लो एकाइमै निरन्तरता सुधार गर्नुपर्दछ । विद्यार्थीको प्रगति स्तरलाई एकाइपिच्छे वा कक्षापिच्छे नै रेकर्ड गर्नुपर्दछ । यस अर्थमा वार्षिक कार्यक्रमको सानो भागको रूपमा लिइनुपर्दछ (पृ. : ३१७) ।

Sylor and Alexander (1973) ले आफ्नो पुस्तक “Planning Currilulum for School” मा विद्यार्थीका शैक्षिक उपलब्धि वा प्राप्तिहरूलाई स्तरीकृत र निरन्तर रूपबाट

गरिनु पर्ने भन्दै अगाडि भन्दछन्-विद्यार्थीहरूका उपलब्धिहरूको मापन हामीले विद्यार्थीको उपलब्धिको मूल्याङ्कन लागत देखि आगतको क्रममा प्राप्त हुने सम्पूर्ण तत्वहरूको आधारमा गर्नुपर्दछ ।

निष्कर्षमा विद्यार्थीका सिकाइ उपलब्धि प्रगति आदिको लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्नु नै विद्यार्थी मूल्याङ्कन हो ।

### २.२.३ निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा :

विद्यार्थीहरूको सीप, क्षमता, रूचि, उपलब्धि, कार्यकुशलता अभिवृद्धि आदि विविध पक्षहरूलाई समेटी विद्यार्थीको विकास गर्नु विद्यार्थी मूल्याङ्कन हो यो सुधारात्मक र निर्माणात्मक हुन्छ । सिकाइ प्रक्रिया सँगसँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई नै निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो ।

Scriven (1967) का अनुसार-निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई उत्तीर्ण वा अनुत्तीर्ण निर्धारण गर्न श्रेणी तथा स्तर निर्धारण गर्ने उद्देश्यका लागि गरिन्छ । यस्तो मूल्याङ्कन शैक्षिक सत्रको अन्तमा वा तोकिए अनुसार बीच-बीचमा व्यवस्थित प्रश्नपत्र वा लिखित परीक्षाका

माध्यमबाट गरिन्छ । तोकिएका समयमा परीक्षा हुने खास प्रक्रियाबाट छानिएका प्रश्नमा विद्यार्थीले लिखित परीक्षा दिने, तोकिएको विषयमा मौखिक तथा प्रयोगात्मक परीक्षा हुने, विद्यार्थीहरू उत्तीर्ण, अनुत्तीर्णको घोषणा गरिने भएकाले निर्णयात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । विद्यालय शिक्षाको सन्दर्भमा निर्णायात्मक मूल्याङ्कन नै विद्यार्थी मूल्याङ्कन प्रयोगका रूपमा लिने प्रचलन रही आएको छ ।

पाठ्यक्रमद्वारा अपेक्षित सिकाइ उद्देश्य पूरा गराउन सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभिप्रायले बालकको सम्पूर्ण पक्षको मूल्याङ्कन गर्नु निर्माणात्मक मूल्याङ्कन हो ।

कक्षाकार्य, गृहकार्य, परियोजनाकार्य, अवलोकन आदिका माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी कक्षा भित्र वा बाहिर गरिने शिक्षण सिकाइ सम्बन्धि

क्रियाकलापलाई नै निरन्तर मूल्याङ्कन भनिन्छ (निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका, २०६८:१) ।

यसरी विद्यार्थीको हरेक पक्षको औपचारिक तथा अनौपचारिक रूपमा गरिने लेखाजोखालाई नै निरन्तर विद्यार्थी मूल्याङ्कनका रूपमा लिन सकिन्छ ।

## २.२.४ निरन्तर मूल्याङ्कन प्रणालीका विशेषताहरू :

प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५० परिमार्जन सहित) ले निरन्तर मूल्याङ्कन प्रणालीका विशेषताहरू निम्नानुसार उल्लेख गरेका छन् :

(क) हरेक शिक्षण क्रियाकलापसङ्ग र आवश्यकता अनुसार समय-समयमा गरिने मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो ।

(ख) निरन्तर विद्यार्थी मूल्याङ्कनले औपचारिक मूल्याङ्कनमा जोड दिन्छ । यस मूल्याङ्कन प्रक्रियामा कुनैपनि समयमा मूल्याङ्कनका विभिन्न माध्यम लिखित, मौखिक, प्रश्नोत्तर, अवलोकन आदिबाट विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन गरिन्छ ।

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन सुधारात्मक उद्देश्यका लागि अपनाइन्छ । यो मूल्याङ्कन प्रक्रिया विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनुभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषण लिन उपयोग गरिन्छ (प्रा.पा.दि., २०५०:४०) ।

### २.२.५ निरन्तर मूल्याङ्कनको आवश्यकता :

प्रभावकारी शिक्षण सिकाइका माध्यमद्वारा विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य हो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली, विशेष बुलेटीन २०६८ ले निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकतालाई निम्नानुसार उल्लेख गरेको छ :

(क) विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउन ।

(ख) बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउन ।

(ग) कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कम गर्न ।

(घ) विद्यार्थीको सिकाइ उपलब्धिको वैधतार विश्वसनियता सुधार गर्न ।

(ङ) सिकाइ स्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गर्न ।

(च) तह पूरा गर्ने दर सिकाइ उपलब्धि स्तरमा सुधार गर्न ।

(छ) विद्यार्थीको मूल्याङ्कन प्रति उत्साहित गर्न ।

(ज) विद्यार्थीको सही मूल्याङ्कन निरन्तर र सहजतापूर्वक गर्न ।

(झ) विद्यार्थीको नियमित उपस्थिति दर बढाउन ।

### २.२.६ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुका उद्देश्यहरू :

प्राथमिक शिक्षा पाठ्यक्रम-२०६५(परिमाजर्न सहित) ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्नुका उद्देश्यहरू देहाय बमोजिम उल्लेख गरेको छ :

(क) निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमद्वारा उदार कक्षोन्नतिको नीति अवलम्बन गर्न ।

(ख) कक्षा दोहोऱ्याउने सङ्ख्या न्यून गर्ने ।

(ग) विद्यार्थीमा परीक्षाको सन्त्रास कम गराउने ।

(घ) विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्ने ।

(ङ) विद्यार्थीको नियमित विद्यालय आउने वातावरण प्रदान गर्ने ।

(च) विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि मूल्याङ्कनलाई उपयोग गर्ने ।

(छ) जेहेन्दार विद्यार्थीको लागि प्रोत्साहन र कमजोर विद्यार्थीको लागि विशेष मद्दत गर्ने ।

## २.२.७ निरन्तर मूल्याङ्कनको शैक्षिक उपादेयता :


हरेक अध्ययन विश्लेषणको आ-आफ्नै औचित्य एवम् शैक्षिक उपादेयता रहेको हुन्छ । निरन्तर मूल्याङ्कन शिक्षाको क्षेत्रमा नभई नहुने अपरिहार्य कुरो हो । शिक्षा क्षेत्रका लागि अति नै महत्वपूर्ण निरन्तर मूल्याङ्कनको शैक्षिक उपादेयतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

i. शिक्षाको क्षेत्रमा निरन्तर मूल्याङ्कनले कमीकमजोरी औँल्याउन सहयोग गर्ने भएकोले,
ii. यसले विद्यार्थीको कमीकमजोरी औँल्याई विद्यार्थीमा सुधार ल्याउन समयमै सचेत पार्ने भएकोले,
iii. पृष्ठपोषण दिन सजिलो भएकोले,
iv. मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्न सजिलो/सहयोग पुग्ने भएकोले,
v. विद्यार्थीमा रहेको परीक्षारूपी सन्त्रास हटाई मनोबल बढाउने भएकोले,
vi. विद्यार्थीको उपस्थितिलाई नियमित बनाउन बल प्रदान गर्ने भएकोले,
vii. कक्षा दोहोऱ्याउने प्रवृतिलाई घटाउने भएकोले आदि ।

उल्लेखित महत्वपूर्ण कार्यहरू निरन्तर मूल्याङ्कन प्रणालीद्वारा हुने भएकोले यसको शैक्षिक उपादेयता निकै रहेको देखिन्छ ।

## २.३ अवधारणा निर्माण :

कक्षाकार्य, गृहकार्य, अवलोकन वा अन्य कुनै सहज उपायबाट गरिने विद्यार्थीको लेखाजोखा नै निरन्तर मूल्याङ्कन हो । प्रभावकारी शिक्षण सिकाइ र गुणात्मक शिक्षाको लागि निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गरिए पनि प्रभावकारी व्यवस्थापनको अभावका कारण यो प्रभावकारी हुन सकेको पाइँदैन । तसर्थ यसको प्रभावकारी व्यवस्थापनका लागि निम्न बमोजिमको अवधारणालाई बलियो आधार बनाउन सकिन्छ :




निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी व्यवस्थापनको अवधारणा

## परिच्छेद-तीन

# अध्ययन विधि

अनुसन्धालाई सम्पन्न गर्ने तरिका एवम् उपायसम्बन्धी विधिलाई नै अध्ययन विधि भनिन्छ । अध्ययन-अनुसन्धानका प्रकृति, उद्देश्य र आवश्यकता अनुसार विधि निर्धारण गरिने भएकाले प्रस्तुत अध्ययन अनुसन्धानलाई सरल तथा सहज तरिकाले सम्पन्न गर्न तथा निर्दिष्ट उद्देश्यहरू पूरा गर्न निम्नलिखित विधिहरूको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा :

अनुसन्धाण्न ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति उद्देश्य, सङ्कलित सूचना तथा सामग्रीजस्ता विभिन्न पक्षहरूमा निर्भर हुने भएकोले यस अध्ययनका लागि तोकिएको सिमाभित्र रही आवश्यक सामग्रीहरू सङ्कलन गरी परिमाणात्मक र गुणात्मक दुबै अनुसन्धान ढाँचाको मिश्रित प्रयोग गरिएको छ ।

## ३.२ नमुना छनौटका जनसङ्ख्या तथा आधारहरू :

अध्ययन अनुसन्धानका लागि उद्देश्यमुलक नमूना छनौटका आधारमा सप्तरी जिल्लामा कुल ९७ मा.वि. २३५ नि.मा.वि. तथा ४०० प्रा.वि. रहेका छन् । सबै तह गरी जिल्लामा कुल विद्यार्थी सङ्ख्या १,३८,६२१ जना रहेका छन् । त्यस अन्तर्गत पनि जिल्लाका ११ स्रोत केन्द्रहरूमध्ये श्री सर्वोदय उ.मा.वि.स्रोत केन्द्र अन्तर्गत पर्ने ४१ वटा सामुदायिक विद्यालयहरूको कुल विद्यार्थी सङ्ख्या १३,६०२ जना रहेको छ । छनौटमा परेका विद्यालयहरूमा निरन्तर मूल्याङ्कन प्रणाली (CAS) लागु गरिएकोले यी विद्यालयहरू उद्देश्यमुलक नमूना छनौट पद्धतिबाट छनौट गरिएको छ । यी विद्यालयहरूको प्राथमिक तहको कुल विद्यार्थी सङ्ख्या ८०० रहेको छ । जसमा रा.मा.वि.फत्तेपुरमा अध्ययनीय तहको

कुल विद्यार्थी सङ्ख्या २५० , कंकालनी मा.वि. अध्ययनीय तहको कुल विद्यार्थी सङ्ख्या २७० र मा.वि.बनरैतटोल (बरमझिया) को अध्ययनीय तहको कुल विद्यार्थी सङख्या २८० रहेको छ ।

### ३.२.१ जिल्ला छनौट :

शिक्षाको क्षेत्रमा अलि कम विकसित मानिएको सगरमाथा अञ्चल अन्तर्गत पर्ने ६ वटा जिल्लाहरूमध्ये सप्तरी जिल्लामा अध्ययनीय विषयमा कुनै पनि निकायले पुनरावलोकन नगरेको कारण यस जिल्लालाई उद्देश्यमूलक नमूना छनौटका आधारमा छनौट गरिएको छ ।

### ३.२.२ विद्यालय छनौट :

यस अध्ययन विश्लेषणका लागि सप्तरी जिल्लाको श्री सर्वोदय उ.मा.वि. कञ्चनपुर स्रोत केन्द्र अन्तर्गत पर्ने ४१ वटा सामुदायिक विद्यालयहरूमध्ये (i) श्री राष्ट्रिय मा.वि.फत्तेपुर-३ (ii) श्री कंकालिनी मा.वि. पोर्ताहा-२ (iii) श्री राष्ट्रिय मा.वि. बनरैतटोल बरमझिया-९, लाई अध्ययनीय विद्यालयका रूपमा उद्देश्यमूलक नमूना छनौट पद्धतिबाट त्यसमा पनि प्राथमिक तहलाई छनौट गरिएको छ । (अनुसूची–१) ।

### ३.२.३ शिक्षकको छनौट :

छनौट गरिएका ३ वटा विद्यालयका प्रत्येक विद्यालयबाट क्रमशः २ / २ जना (१ जना महिला शिक्षिका समेत पर्ने गरी) शिक्षक शिक्षिकाहरू गरी जम्मा ६ जना शिक्षकहरू सम्भाव्य नमूना छनौट पद्धतिद्वारा छनौट गरिएको छ । (अनुसूची–२) ।

### ३.२.४ विद्यालय प्र.अ.को छनौट :

छनौट गरिएका ३ वटा विद्यालयका ३ जना प्रधानाध्यापक लाई सम्भाव्य नमूना छनौट पद्धतिद्वारा छनौट गरिएको छ । (अनुसूची–३)।

### ३.२.५ स्रोत व्यक्ति तथा वि.नि.को छनौट :

सम्बन्धित क्षेत्रका स्रोत व्यक्ति तथा वि.नि.लाई सम्भाव्य नमूना छनौट पद्धतिद्वारा छनौट गरिएको छ । (अनुसूची–४)

### ३.२.६ अभिभावकको छनौट :

छनौटमा परेका विद्यालयहरूबाट प्रत्येक विद्यालयका अभिभावकहरूमध्येबाट (२ जना महिला समेत पर्ने गरी) क्रमशः ४ जनाका दरले जम्मा १२ जना अभिभावकलाई चिठ्ठा विधि
र कार्ड विधि बाट छनौट गरिएको छ। (अनुसूची–५)।

## ३.३ सूचना/तथ्याङ्कका स्रोतहरू :

प्रस्तुत अध्ययन अनुसन्धानका लागि आववश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्न निम्नलिखित स्रोतहरूको प्रयोग गरिएको छ।

### ३.३.१ प्राथमिक स्रोतहरू :

अनुसन्धाता आफैं सम्बन्धित क्षेत्रमा गई साम्रगी सङ्कलन गरेका स्रोतलाई नै प्राथमिक स्रोतबाट प्राप्त साम्रगी भनिन्छ। अर्थात: अनुसन्धाताले अनुसन्धानका स्रोतबाट आवश्यक साम्रगी खोज्ने पहिलो स्रोत नै प्राथमिक स्रोत हो। यसलाई मौलिक स्रोत पनि भनिन्छ। यस अन्तर्गत प्राचीन अभिलेख , सर्वेक्षण , अवलोकन , प्रश्नावली , अन्तर्वार्ता , विभिन्न प्रतिवेदनमा प्राप्त सूचना , कृति , सम्बन्धित पाठ्यक्रम , पाठ्यपुस्तक आदि पर्दछन्।

सूचना तथा सङ्कलनका लागि प्राथमिक स्रोतहरू अन्तर्गत निम्न बमोजिमका साधनहरूको प्रयोग गरिएको छ।

#### ३.३.१.१ शिक्षक अवधारणा (खुल्ला प्रश्नावली) :

आवश्यक सूचना तथा सामग्री सङ्कलनका लाीग निर्दिष्ट विद्यालयहरूका शिक्षकहरूमध्ये तोकिएका शिक्षकसित विद्यालयमै पुगी प्रत्यक्ष सम्पर्क गरेर (अनुसूची-६) बमोजिमका प्रश्नावलीको प्रयोग गरी शिक्षकको धारणा सङ्कलन गरिएको छ।

**३.३.१.२ प्र.अ. को अवधारणा :**

छनौट गरिएका प्रत्येक विद्यालयका प्रधानाध्यापक ३ जना सित (अनुसूची–७) बमोजिमका प्रश्नावलीको प्रयोग गरी आवश्यक जानकारी सूचना तथा विचार सङ्कलन गरिएको छ ।

**३.३.१.३ स्रोत व्यक्ति तथा वि.नि.को अवधारणा :**

छनौटमा परेको स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा सम्बन्धित क्षेत्रका वि.वि.सित प्रश्नावली (अनुसूची–८ बमोजिम) को प्रयोग गरी आवश्यक जानकारी , सूचना तथा विचार सङ्कलन गरिएको छ ।

**३.३.१.४ अभिभावको अन्तर्वार्ता (अवधारणा) :**

छनौट गरिएका प्रत्येक विद्यालयका क्रमश: ४/४ जना अभिभावक (अनुसूची–५ बमोजिम) (२ जना महिला समेत पर्ने गरी) जम्मा–१२ जना अभिभावकसित सम्बन्धित विषयमा अन्तर्वार्ता लिई निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन र चुनौती बारे जानकारी , सूचना तथा विचार सङ्कलन गरिएको छ ।

**३.३.२ द्वितीयक स्रोत/सहायक स्रोत :**

अन्य अनुसन्धानकर्ताले पहिले सङ्कलन गरेका वा अनुसन्धानको क्रममा अनुसन्धाताले सङ्कलन गरेका साम्रगी द्वितीयक स्रोतबाट प्राप्त साम्रगी हुन् । अनुसन्धानमा प्राथमिक स्रोतबाट मात्र साम्रगी सङ्कलन गर्दा अपुग भएको अवस्थामा द्वितीयक स्रोतबाट साम्रगी सङ्कलन गरिन्छ । यस्तो स्रोतमा अनुसन्धाताको प्रत्यक्ष संलग्नता रहँदैन् । यस प्रकारका द्वितीयक स्रोतमा अरूले गरेका अनुसन्धान दैनन्दिनी , जीवनीवृत , व्यक्तिगत आलेख , विभिन्न अभिलेख , अनुसन्धानसङ्ग सम्बन्धित पूर्वकार्य , पुस्तक , लेख आदि पर्दछन् ।

सूचना सङ्कलनका लागि सहायक स्रोत अन्तर्गत निम्नानुसारका साधनबाट सूचना सङ्कलन गरिएको छ ।

### ३.३.२.१ विद्यार्थी कार्यसञ्चयिका अभिलेख :

छनौटमा परेका विद्यालयको स्थलगत भ्रमण गरी विद्यार्थी कार्यसञ्चयिकाको व्यवस्थापन सम्बन्धी अध्ययन गरिएको छ ।

### ३.३.२.२ उपलब्धि परीक्षण :

यस सम्बन्धी व्यवस्थापन के-कस्तो कुन अवस्थामा रहेको छ भन्ने सम्बन्धमा छनौटमा परेका विद्यालयहरूको स्थलगत भ्रमण गरी अध्ययन गरिएको छ ।

## ३.४. साधनहरू :

प्रस्तुत अध्ययन अनुसन्धान पूरा गर्नका लागि निम्नलिखित साधनहरूको प्रयोग गरिएको छ :

(i) अवलोकन , स्थलगत भ्रमण

(ii) प्रश्नावली

(iii) अन्तर्वार्ता आदि ।

## ३.५ साधनको वैधता :

साधनको वैधता सम्बन्धी अध्ययन छनौटमा परेको विद्यालयहरूको स्थलगत भ्रमण गरी गरिएको छ । यसका लागि शिक्षक , प्रधानाध्यापक आदिसित सम्पर्क गरी वैधताको परीक्षण गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया :

यस अध्ययनका लागि अनुसन्धाता आफै अध्ययन क्षेत्रमा गई प्राथमिक सूचना तथा सामग्री सङ्कलनमा स्रोतहरूबारे खुल्ला प्रश्नावली, अन्तर्वार्ता र अवलोकनत विधिहरूको प्रयोग गरी सूचना सङ्कलन गरिएको छ । प्राप्त सूचनालाई प्रधानाध्यापक, शिक्षक र अभिभावकहरूको विचारलाई अभिलेखसित मिलान गरी / जाँच गरी वैधता निर्धारण गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र व्याख्या :

यस अध्ययन अनुसन्धानका लागि सूचनाका लागि सूचना तथा जानकारी विभिन्न स्रोतबाट सङ्कलन गरिसकेपछि सूचना तथा सामग्रीको प्रकृति अनुसार गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरी अनुसन्धानात्मक विषयमा आधारित भएर उद्देश्य अनुरूप सूचनाको विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद–४

## तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययन अनुसन्धानका लागि सप्तरी जिल्ला कंचनपुर नगरपालिका अन्तर्गत पर्ने श्री सर्वोदय उच्च मा.वि. कञ्चनपुर स्रोत केन्द्र अन्तर्गत पर्ने ४१ वटा सामुदायिक विद्यालयहरू मध्ये गा.वि.स. फतेपुर –३ स्थित श्री राष्ट्रिय मा.विद्यालय, गा.वि.स. पोर्ताहा–२ स्थित श्री कंकालनी माध्यमिक विद्यालय तथा गा.वि.स. बरमझिया–९ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय बनरैत टोल गरी जम्मा ३ (तीन ) वटा विद्यालयलाई अध्ययनीयन विद्यालयका रूपमा उद्देश्यमूलक नमुना छनौट पद्धतिबाट नमुनाको रूपमा छनौट गरिएको थियो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली यस जिल्लाभरि नै प्राथमिक तहमा ( कक्षा –१ देखि ३ सम्म ) लागु भइसकेको हुनाले अध्ययनका लागि छनौटमा परेका विद्यालयका प्राथमिक तहका शिक्षकहरूको "प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली" बारेमा धारणा, सोचाइ वा विचार के कस्तो छ भनी (CAS) सम्बन्धी तालिम प्राप्त गरिसकेका शिक्षकहरू ( १ जना अनिवार्य रूपमा पर्नेगरी ) क्रमशः तीनै वटा विद्यालयका २/२ जना गरी ६ जनाबाट शिक्षक अवधारणा प्रश्नावली ( अनुसूची –६ )को प्रयोग गरी प्रतिक्रिया लिएको थियो ।

त्यसैगरी छनौट गरिएका तीनवटै विद्यालयका प्रधानाध्यापक बाट प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली शीर्षकमा केन्द्रित रहेर निर्माण गरिएको खुल्ला प्रश्नावलीको (अनुसूची–७) को प्रयोग गरी विचार सङ्कलन गरिएको थियो । छनौटमा परेका स्रोत केन्द्र वा स्रोत व्यक्ति र विद्यालय निरीक्षकबाट पनि शीर्षकसित सम्बन्धित विचार सङ्कलनका लागि प्रश्नावली (अनुसूची–८) प्रयोग गरिएको थियो । त्यसैगरी छनौटमा परेका विद्यालय प्रत्येक विद्यालयबाट क्रमशः ४/४ जनाका दरले जम्मा १२ जना अभिभावकहरूबाट

(अनुसूची–९) बमोजिमको विषय / शीर्षकहरूको प्रयोग गरी अन्तर्वार्ता लिई प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली वारे उनीहरूका विचार सङ्कलन गरिएको थियो ।

माथि उल्लेखित सम्पूर्ण कार्यहरू गर्दा प्राप्त भएका तथ्याङ्क , सूचना आदिको सविस्तार व्याख्या एवम् विश्लेषण देहाय बमोजिम गरिएको छ ।

## ४.१. प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवस्था बारे शिक्षकको अवधारणा :

निरन्तर मूल्याङ्कनको प्रणालीको व्यवस्थापन र चुनौतीबारे प्राथमिक तहका शिक्षकहरूको विचार र अभिमतबारे पत्ता लगाउनु यस साधनको प्रमुख उद्देश्य थियो । निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा खासगरी यसको व्यवस्थापन र चुनौतीका सम्बन्धमा शिक्षकहरूको धारणा के–कस्तो रहेको छ ? यसका चुनौतीहरू के–के हुन् ? चुनौती निवारणका उपायहरू के–के हुन् ? यसको व्यवस्थापनका सम्बन्धमा शिक्षकहरूको के सल्लाह सुझावहरू रहेका छन् ? भन्ने कुरा पहिचान गर्न शिक्षकको अन्तरआत्मामा प्रवेश गरी उनीहरूका धारणा , सोचाइ पत्ता लगाउनु शिक्षक अवधारणा प्रश्नावलीको मुख्य आशय रहेको थियो ।

यस प्रयोजनका लागि अनुसूची–६ मा उल्लेख गरिएको ढाँचामा शिक्षक अवधारणा प्रश्नावली तीनवटै विद्यालयबाट नमूना छनौटमा परेका शिक्षकहरू समक्ष प्रस्तुत गरिएको थियो । यसका लागि अनुसूची –६ बमोजिमका ६ वटा प्रश्नहरू प्रयोग गरिएको थियो ।

अनुसूची–६ मा उल्लेख गरिएका शिक्षकको अवधारणा प्रश्नावलीका माध्यमद्धारा प्राप्त धारणा , विचार, प्रतिक्रिया तथा सल्लाह एवम् सुझावको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ ।

अनुसूची–६ मा उल्लेख गरिएका प्रश्नहरूमध्ये प्रश्न नं.–१ यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन बारे के बुझ्नु भएको छ? भन्ने प्रश्नको जवाफमा १००% (६जना) शिक्षकहरूबाट

निरन्तर रूपले चलिरहने प्रक्रिया भनी प्रतिक्रिया पाइयो । विद्यार्थीहरूको सीप , क्षमता , रूचि , उपलब्धि , कार्यकुशलता अभिबृद्धि आदि विविध पक्षहरूलाई समेटी गरिने लेखाजोखा हो भन्ने प्रतिक्रिया पाइयो । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबारे सबैलाई जानकारी रहेको सकारात्मक धारणा पाइयो ।

उदार कक्षोन्नति भन्नाले के बुझ्नुहुन्छ भन्ने प्रश्नको जवाफमा ४ (६६.६६%) जना शिक्षकबाट निरन्तर मूल्याङ्कनका आधारमा विद्यार्थीलाई कक्षा उकास्ने प्रक्रिया भनी प्रतिक्रिया पाइयो । भने २ जना शिक्षक ( ३३.३३% ) बाट विद्यार्थीलाई अनुत्तीर्ण नगरी जस्तो सुकै अवस्थामा माथिल्ला कक्षामा उकास्ने प्रक्रिया भनी प्रतिक्रिया पाइयो । यसरी ३३.३३% शिक्षकले उदार कक्षोन्नतिलाई गलत दृष्टिकोणले लिएको देखियो । ६ जनामध्ये ४ जना शिक्षक (६६.६६%) ले उदार कक्षोन्नतिबारे स्पष्ट धारणा राखेको पाइयो । जसलाई सकारात्मक प्रतिक्रियाका रूपमा लिन सकिन्छ ।

निरन्तर मूल्याङ्कनको व्यवस्थापन के–कसरी गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा निरन्तर मूल्याङ्कनको व्यवस्थापन भन्नाले निरन्तर मूल्याङ्कन प्रणालीको उचित प्रयोग , एकाइ परीक्षा , गृहकार्य , दैनिक उपस्थिति आदि साधनहरूको समुचित प्रयोग एवम् कार्यान्वयन आदि बुझिन्छ भन्ने धारणा राख्दै आफूहरूले व्यक्तिगत रूपमा यी विभिन्न साधन– हरूको प्रयोग गर्ने गरेको प्रतिक्रिया पाइयो । आफूहरूले सकेसम्म यी साधनहरूको प्रयोगद्धारा कार्यसञ्चिका तयार पार्ने गरेको प्रतिक्रिया पाइयो । कक्षाकार्यकलाप गराउँदा आफूहरू लगायत अन्य शिक्षकहरूबाट विभिन्न किसिमका समस्या /चुनौतीहरूको सामना गर्नुपरेको भनी प्रतिक्रिया पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनका चुनौतीहरू के–के हुन् ? भनी गरिएको प्रश्नको जवाफमा तीनै वटा विद्यालयका ६ जना शिक्षकहरूले दिएका विचार / प्रतिक्रियालाई समष्टिगत रूपमा सूचीकृत गरी निम्नाानुसार प्रस्तुत गरिएको छ :

(१) एकाइ परीक्षा

(२) गृहकार्य

(३) दैनिक उपस्थिति

(४) कक्षाकोठामा सहभागिता

(५) लिखित / मौखिक परीक्षा

(६) कार्यसञ्चिका व्यवस्था

(७) नियमित पृष्टपोषण

(८) कक्षाकार्य तथा अतिरिक्त क्रियाकलाप

(९) अत्यधिक विद्यार्थी सङख्या

(१०) निरीक्षणको अभाव

(११) नकारात्मक दृष्टिकोण

एकाइ परीक्षालाई यसको व्यवस्थापनको चुनौतीका रूपमा व्याख्या गर्दै शिक्षकहरू द्धारा धारणा व्यक्त गरियो कि एकाइ परीक्षा सञ्चालन गरिए पनि वैज्ञानिक ढङ्गले सञ्चालन गर्न सकिएको छैन । जसले गर्दा यो पनि एक चुनौतीका रूपमा देखापरेको छ ।

गृहकार्य कसरी चुनौती हो ? भन्ने सन्दर्भमा शिक्षकहरूबाट प्रतिक्रिया पाइयो कि जतिसुकै कडाइका साथ गृहकार्य गरेर ल्याउनुपर्ने निर्देशन दिए पनि केही विद्यार्थीले गृहकार्य गरेर ल्याए पनि अधिकांश विद्यार्थीले विभिन्न कारण देखाउदै गृहकार्य गरेर ल्याउदैनन भनी प्रतिक्रिया पाइयो । त्यसैले निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनका चुनौतीहरूमध्ये गृहकार्य पनि एक हो ।

दैनिक उपस्थितिलाई चुनौतीका रूपमा स्वीकार्दै शिक्षकहरूकबाट प्रतिक्रिया दिइयो कि विद्यार्थीहरू नियमित रूपमा उपस्थिति हुँदैनन् । नियमित उपस्थिति गराउनका लागि विभिन्न उपायहरू अपनाए पनि ( जस्तै : गयल जरिवना तिनुपर्ने ………… आदि ) प्रभावकारी हुन सकेको छैन । यसरी प्रत्येक विद्यार्थीको नियमित उपस्थिति एक चुनौती हो ।

कक्षाकोठा सहभागितालाई चुनौतीको रूपमा स्वीकार्दै यसको व्यवस्थापनमा पनि जोड दिनुपर्ने आवश्यकता औंल्याइयो ।

कक्षाकोठामा हरेक विद्यार्थीको सक्रिय सहभागिता जुटाउन नसके निरन्तर मूल्याङ्कन प्रणालीको लागि समुचित व्यवस्थापन हुन नसक्ने धारणा उनीहरूमा रहेको पाइयो ।

लिखित परीक्षा / मौखिक परीक्षा सञ्चालनका लागि अपनाइने व्यवस्था त्यति समुचित नरहेकाले निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनको चुनौतीका रूपमा लिखित / मौखिक परीक्षा रहेको भन्ने धारणा उनीहरूमा रहेको पाइयो ।

लिखित / मौखिक परीक्षा सञ्चालन गरिँदा वैज्ञानिक ढङ्गले सञ्चालन नगरिनु परीक्षा व्यवस्थापनको ठूलो कमजोरी रहेको धारणा शिक्षकहरूमा रहेको पाइयो ।

कार्यसञ्चिका विद्यार्थीका लिखित कार्य , सिर्जनात्मक कार्य तथा रचनात्मक कार्य जस्ता कुराहरूको अभिलेख राख्ने फाइल हो । यसको पनि चुस्तदुरूस्त व्यवस्थापन गरिएको पाइदैन । यसमा हरेक कुराको विवरण अप टु डेट राख्न सकिएको छैन । जुन व्यवस्थापनको एक चुनौती हो ।

विद्यालयहरूमा नियमित रूपमा विद्यार्थीलाई पृष्टपोषण दिनुपर्नेमा यसलाई झन्झटिलो मानी नियमित पृष्टपोषण दिने गरिएको पाइँदैन । पृष्टपोषण दिने सम्बन्धित व्यक्तिले पनि यसलाई झन्झटको रूपमा लिने गरेका छन्  भने जुन विद्यार्थीलाई पृष्टपोषण दिइन्छ उसले पनि यसलाई अनावश्यक अर्तीको रूपमा लिने गरेका छन् त्यसैले पृष्टपोष्ण पनि एक चुनौतीका रूपमा रहेको धारणा शिक्षकहरूमा पाइयो । केहीले यस्तो काम गर्ने गरेको र केहीले अनावश्यक झन्झटका रूपमा लिई वास्ता नै नगरेको पाइयो ।

अतिरिक्त क्रियाकलापलाई चुनौतीका रूपमा लिँदै शिक्षकहरूबाट यसको पनि सही ढङ्गले व्यवस्थापन गर्नै पर्ने विचार राखियो । यसको सही व्यवस्थापन हुन सके मात्र यो प्रभावकारी साधन हुनसक्ने धारणा शिक्षकहरूमा पाइयो ।

निरन्तर मूल्याङ्कनको व्यवस्थापनमा देखिएका चुनौतीहरू निवारण का लागि के–कस्ता उपायहरू अपनाउन सकिन्छ ? भनी सोधिएको प्रश्नको जवाफमा शिक्षकहरूबाट प्राप्त सम्भावित उपायहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

( i )  एकाइ परीक्षाबाट विद्यार्थीको लेखाइ , ज्ञान पक्ष , सीप र धारणागत कुराको मूल्याङ्कन गर्न सकिन्छ । एकाइ परीक्षा सञ्चालन गरिंदा वैज्ञानिक ढङ्गले सञ्चालन गरिनुपर्ने धारणा शिक्षकहरूमा रहेको पाइयो । यसका लागि विद्यालयमा सीमित नरही कम्तीमा स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन गरी आवश्यक छलफल पश्यचात् ठोस निर्णय गरी  त्यसअनुरूप एकरूपता ल्याउँदै परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नु जरूरी छ भन्ने विचार शिक्षकहरूबाट पाइयो ।

( ii ) निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनका चुनौतीहरूमध्ये दैनिक उपस्थिति र हाजिरीलाई प्रमुख तथा महत्वपूर्ण चुनौतीका रूपमा स्वीकादै शिक्षकहरूले विद्यार्थीलाई नियमित विद्यालय आउन उत्प्रेरित गर्ने , मित्रवत व्यवहार गर्ने , नियमित आउन नसक्नुको कारण पहिचान गरी त्यसको कार्यगत अनुसन्धान गरी प्राप्त नतिजालाई प्रयोगमा ल्याउनु पर्ने सल्लाह / सुझाव दिइयो ।

( iii ) कक्षा सहभागिताको व्यवस्थापन गर्नका लागि शिक्षकबाट हरेक विद्यार्थीलाई जतिसक्दो बढी सक्रिय गराउने शिक्षण क्रियाकलाप र विधिको प्रयोग गर्नुपर्ने कुरामा जोड दिइयो । विद्यार्थीहरूको रूचि आवश्यकतालाई ख्याल गर्दै उपयुक्त हुने शिक्षणसिकाइ क्रियाकलाप गर्नुपर्ने उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याइयो । विद्यार्थीको वैयक्तिक विभिन्नताको ख्याल गरी समूह विभाजन क्रियाकलाप गर्नुपर्ने , व्यवस्थापनमा जोड दिनुपर्ने प्रतिक्रिया पाइयो ।

( iv ) लिखित / मौखिक परीक्षा :

लिखित परीक्षाको प्रयोग केवल निर्णयात्मक मूल्याङ्कनका लागि नगरी निर्माणात्मक मूल्याङ्कनका लागि समेत गर्न सकिन्छ भने धारणा व्यक्त गर्दै लिखित परीक्षा समय तोकेर कक्षामै वा गृहकार्यकै रूपमा पनि गराउन सकिन्छ भनी समुचित व्यावस्थापनका लागि सुझाव दिइयो ।

तल्ला कक्षामा सवै विषयमा छोटो उत्तर आउने हिसावले प्रश्नहरू निर्माण गरी लागू गरेर यसको व्यवस्थापन गर्न सकिन्छ भन्ने विचार शिक्षकहरूबाट पाइयो ।

मौखिक परीक्षाको प्रयोग पनि निरन्तर मूल्याङ्कनका लागि गर्न सकिन्छ भन्दै शिक्षकहरूबाट यसको पनि आवश्यकता अनुसार प्रयोग गरी व्यवस्थापन गर्न सकिन्छ भन्ने प्रतिक्रिया पाइयो ।

( v ) कार्यसञ्चयिका :

कार्यसञ्चयिका विद्यार्थीका लिखित कार्य , सिर्जनात्मक कार्य तथा रचनात्मक कार्यजस्ता कुराहरूको अभिलेख राख्ने फाइल हो । यसमा रहेका विद्यार्थीका नमुना कार्य ( हस्तलिखित सामग्री , अभ्यास, ग्राफ ,चार्ट,नक्सा ,चित्र ,निबन्ध ,कथा , कविता आदि ) शिक्षकले लेखेका टिप्पणी तथा प्रगति विवरण फारमबाट विद्यार्थीका विभिन्न पक्षको मूल्याङ्कन हुन सक्ने

भएकोले यसको समुचित व्यवस्थापन गर्नुपर्ने कुरामा शिक्षकहरूबाट जोड दिइयो । कतिपय विद्यालयमा कार्यसञ्चयिका नै तयारी अवस्थामा नरहने गरेको प्रतिक्रिया पनि शिक्षकहरूबाट पाइयो । यसको समुचित व्यवस्थापनका लागि कक्षा अनुसार प्रत्येक शिक्षकले आ–आफ्नो विषयको कार्य सञ्चयिका तयार पारेर व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिइयो ।

( vi ) नियमित पृष्ठपोषण :

विद्यार्थीहरूका लागि पृष्ठपोषण अति नै महत्वपूर्ण कुरा हो । उनीहरूमा रहेको कमी–कमजोरीहरू औंल्याई सकारात्मक पृष्ठपोषण दिनु आवश्यक हुन्छ । तसर्थ शिक्षकले पृष्ठपोषण दिने कार्यलाई अनावश्यक बोझ वा झन्झटको रूपमा नलिई विद्यार्थीलाई नियमित रूपमा पृष्ठपोषण दिई यसको समुचित व्यवस्थापन गर्न सकिने धारणा शिक्षकहरूमा रहेको पाइयो ।

(vii) कक्षाकार्य तथा अतिरिक्त क्रियाकलाप :

कक्षाकार्य तथा अतिरिक्त क्रियाकलापमा राम्रा विद्यार्थीहरूलाई सरिक गराउने तथा कमजोर विद्यार्थीहरूलाई सरिक नगराई बेवास्ता गर्ने परिपाटी हाम्रो यहाँ पाइन्छ । तसर्थ सवै खालै विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सरिक हुनका लागि प्रोत्साहित गर्नुपर्दछ । समूह विभाजन गर्दा तीव्र वुद्धि भएका , मध्यम वुद्धि भएका तथा मन्द वुद्धि भएका विद्यार्थी समेत पर्ने गरी समूह विभाजन गरी कक्षाकार्य तथा अतिरिक्त क्रियाकलापमा सरिक गराइ यसको व्यवस्थापन गर्न सकिन्छ भनी शिक्षकहरूबाट आ–आफ्ना प्रतिक्रिया दिइयो ।

(viii) सिर्जनात्मक कार्य :

निरन्तर मूल्याङ्कनका सिर्जनात्मक कार्य गर्न लगाएर विद्यार्थीको मूल्याङ्कन गर्न सकिने भएकाले सिर्जनात्मक कार्य गर्ने परिपाटी कायम गर्न यसको समुचित व्यवस्थापन गरी निरन्तर मूल्याङ्कन गर्न सकिने प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

(ix) व्यवहार परिवर्तन :

सुरू प्रवेश गरेदेखि विद्यार्थीको व्यवहारमा के–कस्तो परिवर्तन आयो , कक्षामा सिकाइका ज्ञान सीपलाई व्यवहारमा कसरी लिइरहेको छ भन्ने आधारमा विद्यार्थीमा भएको

व्यवहार परिवर्तनलाई पनि ध्यान दिएर निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । त्यसैले व्यवहार परिवर्तन सम्बन्धी अध्ययन गर्ने कुराको व्यवस्थापन गरेर निरन्तर मूल्याङ्कनको व्यवस्थापन गर्न सकिने प्रतिक्रिया शिक्षकहरूबाट पाइयो ।

(x) परियोजना कार्य :

सम्बन्धित विषयको स्वरूप र प्रकृतिअनुसार आवश्यकता बमोजिम परियोजना कार्यबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । उमेर र स्तर एवम् स्थानीय परिवेश अनुसार विभिन्न परियोजनाकार्यमा संलग्न गराउँदै त्यसका आधारमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्ने कार्य पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको एउटा तरिका भएकोले परियोजना कार्यको व्यवस्थापन गरेर यसको व्यवस्थापन गर्न सकिने कुरा शिक्षकहरूबाट प्रतिक्रियाका रूपमा प्रस्तुत गरियो ।

(xi) आत्ममूल्याङ्कन :

विद्यार्थीले आफ्ना बलिया र कमजोर पक्षहरूलाई उपयुक्त ढङ्गले पहिचान गरी समुचित विकासको योजना समेत बनाउन सक्नु विद्यार्थीको आत्ममूल्याङ्कन हो । आफूले आफैंलाई चिन्न सक्नु आत्ममूल्याङ्कनको मुख्य ध्येय भएकोले यसको समुचित व्यवस्थापन गरी निरन्तर मूल्याङ्कनको व्यवस्थापन गर्न सकिने कुरामा शिक्षकहरूबाट जोड दिइयो ।

(xii) सहपाठीबाट हुने मूल्याङ्कन :

नजिकको साथीका बारेमा अर्को साथीलाई धेरै कुराको जानकारी हुन्छ । साथीसङ्गको हेलमेल र सहयोग बारेमा साथीहरूबाटै मूल्याङ्कन हुनुपर्दछ । यसरी सहपाठीबाट हुने मूल्याङ्कनको समुचित व्यवस्थापन गर्न सके निरन्तर मूल्याङ्कनको व्यवस्थापन गर्न सकिने प्रतिक्रिया पाइयो ।

(xiii) अभिभावक  सम्पर्क र प्रतिक्रिया :

अभिभावकसङ्ग सम्पर्क गरेर पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीले अभिभावकलाई गर्ने सहयोग , उसको सुत्ने र उठने समय , घरको काममा रूचि , छरछिमेकसङ्गको सम्बन्ध , सरसफाइ , अनुशासन , घरमा गरिने अध्ययन , आज्ञाकारिता , सामाजिक कार्यमा सहभागिता आदिका बारेमा अभिभावकसित सम्पर्क राखेर प्रतिक्रिया लिएर पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्तो परिपाटीको उचित व्यवस्थापन गरेर निरन्तर मूल्याङ्कनको व्यवस्थापन गर्न सकिने उपाय शिक्षकहरूबाट सुझाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन के सल्लाह दिन चाहनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा शिक्षकहरूबाट यसको प्रभावकारी अनुगमन हुनुपर्ने , समय–समयमा यससम्बन्धी स्रोत केन्द्र स्तरीय छलफल हुनुपर्ने , प्राथमिक तहका सवै शिक्षकहरूलाई CAS सम्बन्धी तालिम दिनुपर्ने , शिक्षक अभिभावक तथा प्र.अ. वीच त्रिकोणात्मक छलफल हुनुपर्ने सल्लाह पाइयो । सरोकारवाला हरेक पक्षले आ–आफ्नो स्थानबाट भूमिका निर्वाह गर्दै सहयोग गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

## ४.१.१. निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थापनको वर्तमान अवस्था :

अध्ययन अनुसन्धानका लागि नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत भ्रमण गर्दा ३ वटै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग एवम् व्यवस्थापन गरिएको पाइयो । कक्षा–१ देखि ३ सम्म पूर्ण रूपमा मूल्याङ्कन प्रक्रिया निरन्तर
विद्यार्थी मूल्याङ्कन प्रणालीबाट नै गर्ने प्रावधान पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका –२०६८ मा उल्लेख गरिएअनुसार नै व्यवस्थापन गर्ने प्रयास गरिएको पाइयो । समुदायका अभिभावकहरूको निरन्तर मूल्याङ्कन सम्बन्धी बुझाइमा कमी भएको कारण परीक्षा नलिई कक्षा चढाउने काम राम्रो होइन भन्ने गुनासो व्यापकरूपमा पाइएकोले चित्त बुझाउन परीक्षा पनि आवधिक रूपमा लिई लब्धाङ्क पत्रमा नतिजा देखाउने प्रतिक्रिया शिक्षकहरूबाट पाइयो । प्र.अ. लगायत शिक्षकहरूमा निरन्तर

मूल्याङ्कन प्रणालीका बारेमा वास्तविक ज्ञान नहुँदा यसको समुचित व्यवस्थापनमा कठिनाई परेको पाइयो । हरेक विद्यालयमा यसलाई सैद्धान्तिक रूपमा तथा कागजी रुमा पूर्ण रूपमा लागु गरिएको तर विद्यार्थीको सिकाइ उपल्बधी न्यून रहेको पाइयो । विद्यालयमा यसको व्यवस्थापनमा प्र.अ. ले पनि त्यति चासो नराख्ने गरेको प्रतिक्रिया शिक्षकहरूबाट पाइयो । निरन्तर मूल्याङ्कनका साधनहरूको प्रयोग गरेर दैनिक तथा सप्ताहिक रूपमा निरन्तर मूल्याङ्कन गर्नुपर्ने ठाउँमा आवधिक परीक्षामा मात्र रेजाको आधारमा मूल्याङ्कन गरेको पाइयो । निरन्तर मूल्याङ्कनका पक्षहरू कक्षाकार्य , परियोजना कार्य, व्यवहारमा परिवर्तन , अवलोकन , आत्ममूल्याङ्कन , हाजिरी / दैनिक उपस्थिति हुन् भने अधिंकाश विद्यालयहरूमा दैनिक उपस्थितिलाई मात्र विशेष ग्राहयता दिई कक्षा उत्तीर्ण गराइएको पाइयो ।

यसरी माथि चर्चा गरिएका कुराहरूको अध्ययन विश्लेषण गर्दा शिक्षकहरूको बुझाइमा निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदार कक्षोन्नति भनेको कुनै पनि हालतमा फेल गराउन नपाउने र निरन्तर मूल्याङ्कन भनेको परीक्षा लिन नपाउने भन्ने कुरा हो भन्ने धारणा देखियो जुन कुराले हाम्रा विद्यार्थीहरूको निरन्तर मूल्याङकन सही व्यवस्थापन साथ हुन नसकेको तथ्यलाई दर्शाउँछ भने शिक्षकहरूले पनि निरन्तर मूल्याङ्कन प्रणालीको मूल मर्मलाई बुझ्न नसकेको यथार्थलाई प्रष्ट्याउँछ ।

## ४.१.२. मूल्याङ्कनका लागि प्रयोग गरिएको साधन को व्यवस्थापन सम्बन्धी विश्लेषण :

अध्ययन विश्लेषणका लागि छनौट गरिएका तीनवटा विद्यालयका ६ जना शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्थापन के–कसरी गर्नु भएको छ ? ( अनुसूची–६......प्र.नं. ३) भन्ने प्रश्नको जवाफमा निम्न किसिमका प्रतिक्रियाहरू पाइयो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ

## तालिका नं.– ४.१

## निरन्तर विद्यार्थी मूल्याङ्कन का लागि प्रयुक्त साधनको व्यवस्थापन सम्बन्धी विवरण :

| क.सं. | मूल्याङ्कनका साधनहरू | प्रयोग गर्ने शिक्षकको संख्या र प्रतिशत | समय |
|---|---|---|---|
| १. | हाजिरी / दैनिक उपस्थिति | ६ (१००%) | दैनिक |
| २. | कक्षा कार्य | ५ (८३.३३%) | दैनिक |
| ३. | गृह कार्य | ५ (८३.३३%) | दैनिक |
| ४. | मौखिक परीक्षा | ४ (६६.६६%) | सप्ताहिक |
| ५. | सरसफाइ | ३ (५०%) | सप्ताहिक |
| ६. | त्रैमासिक , अर्द्धवाषिक र वार्षिक परीक्षा (लिखित ) | ६ (१००%) | त्रैमासिक |
| ७. | अतिरिक्त क्रियाकलाप | ३ (५०%) | सप्ताहिक |
| ८. | घटना अभिलेख | ३ (५०%) | सप्ताहिक |
| ९. | आत्म मूल्याङ्कन | १ (१६.६६%) | कहिलेकाँही |
| १०. | अभिभावक सम्पर्क | २ (३३.३३%) | कहिलेकाँही |
| ११. | परियोजना कार्य | ३ (५०%) | वार्षिक |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७० ।**

माथिको तालिकामा उल्लेखित व्यवस्थापन सम्बन्धी तथ्याङ्कको विश्लेषण गर्दा ६ जना शिक्षक (१०० प्रतिशत शिक्षक) ले हाजिरी / दैनिक उपस्थितिलाई नै प्राथमिकताको श्रेणीमा राखेको देखिन्छ ।

माथिको तालिकामा उल्लेखित व्यवस्थापन सम्बन्धी साधनहरूलाई उच्च , मध्यम र निम्न प्रयोगभएको / व्यवस्थापन भएको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ :

## तालिका नं.–४.२

## प्रयुक्त साधनहरूको उच्च , मध्य र निम्न प्रयोगको अवस्था

| क.सं. | साधन | उच्च | मध्यम | निम्न |
|---|---|---|---|---|
| १. | हाजिरी | १००% | | |
| २. | आवधिक परीक्षा | १०० % | | |
| ३. | कक्षाकार्य | ८३.३३% | | |
| ४. | गृहकार्य | ८३.३३% | | |
| ५. | मौखिक परीक्षा | | ६६.५५% | |
| ६. | सरसफाई | | ५०% | |
| ७. | अतिरिक्त क्रियाकलाप | | ५०% | |
| ८. | घटना अभिलेख | | ५०% | |
| ९. | परियोजना कार्य | | ५०% | |
| १०. | आत्ममूल्याङ्कन | | | १६.६६ % |
| ११. | अभिभावक सम्पर्क | | | ३३.३३% |

**स्रोत– तालिका नं. –४.१ ।**

यहाँ ७५–१००% सम्मलाई उच्च , ५०–७४% सम्मलाई मध्यम र ०–४९ % सम्मलाई न्यून व्यवस्थापन अन्तर्गत राखिएको छ । यस तालिकालाई आधार मानेर विश्लेषण गर्ने हो भने विद्यालयहरूले व्यवस्थापनमाथि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता रहेको देखिन्छ।

### ४.१.३. कार्यसञ्चयिका ( पोर्टफोलियो ) व्यवस्थापनको अवस्था :

नमूना छनौटमा परेका तीनवटै विद्यालयहरूको स्थलगत सर्वेक्षण गरी / भ्रमण गरी कार्यसञ्चयिका के–कसरी व्यवस्थापन गरिएको छ , के–कस्ता क्रियाकलापहरूको अभिलेख राख्ने गरिएको छ सोको अवस्था बारे पनि अध्ययन गर्ने कार्य गरियो ।

यहाँ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६८ मा कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा उल्लेख भए अनुसार के–के हुनु पर्ने र विद्यालयमा के–के छ ? भन्ने कुरालाई समग्र रूपमा यसरी प्रस्तुत गरिएको छ ।

## तालिका नं.–४.३

### कार्यसञ्चयिका हुनुपर्ने र विद्यालयमा भएको अवस्था :

| क.सं. | कार्यसञ्चयिका हुनुपर्ने | विद्यालयमा भएको अवस्था |
|---|---|---|
| १. | कार्यसञ्चयिका फाइल हिफाजत तथा सुरक्षित तरिकाले राख्नु पर्ने । | सुरक्षित गरेर राखेको पाइयो । |
| २. | कार्यसञ्चयिका प्रत्येक विद्यार्थीको हुनुपर्ने । | कार्यसञ्चयिका प्रत्येक विद्यार्थीको निर्माण गरेको पाइयो । |
| ३. | उपलब्धि विवरण नियमित रूपमा अद्यावधिक राख्नुपर्ने । | अद्यावधिक रूपमा राखिएको पाइएन् , परीक्षामा मात्र विवरण चढाइएको पाइयो । |
| ४. | उपलब्धि विवरण वर्षको तीन पटक अभिभावकहरूलाई देखाउनुपर्ने । | उपलब्धि विवरण वर्षको अन्तिममा मात्र देखाइएको पाइयो । अधिकांश अभिभावकहरू हेर्न नआउने गरेको पाइयो । |
| ५. | निरन्तर अभिभावकहरूलाई मौखिक रूपमा जानकारी गराउनु पर्ने । | अधिकांश अभिभावक विद्यालय नआउने गरेको पाइयो । |
| ६. | कक्षोन्नति निरन्तर मूल्याङ्कनका आधारमा गर्नुपर्ने । | निरन्तर मूल्याङ्कनमा समेटनु पर्ने हाजिरी , कक्षाकार्य , गृहकार्य , परीक्षालाई प्राथमिकता दिई मात्र रेजा लगाई मूल्याङ्कन गरेको पाइयो । |
| ७. | विद्यार्थीको सम्पूर्ण मूल्याङ्कन फाराम वर्ष–वर्षमा गरी छुट्टयाएर राख्नु पर्ने । | छुट्टयाएर राखिएको पाइएन । |
| ८. | पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू पूरा भए नभएको अभिलेख राख्नुपर्ने । | अभिलेख राखिएको पाइएन । |

## ४.१.४. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अवस्था :

नमूना छनौटमा परेका ३ (तीन) वटै विद्यालयहरूको स्थलगत भ्रमण गरी शिक्षकहरूले सिकेका सीप तथा तालिमका स्रोतहरू एवम् तिनको अवस्थाका बारेमा अध्ययन विश्लेषण गर्दा निम्नानुसारको स्थिति पाइयो ।

# तालिका नं.–४.४

## निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अवस्था :

| क.सं. | निरन्तर मूल्याङ्कन सम्बन्धी सीप / तालिम | शिक्षक सङख्या र प्रतिशत |
|---|---|---|
| १. | वी.एड्. तालिम | ३ (२३.०७ %) |
| २. | आइ.एड्. तालिम | २ (१५.३८ %) |
| ३. | आइ.एड्. सेवाकालीन तालिम | १ (७.६९ %) |
| ४. | प्र.अ. गोष्ठी | ३ (२३.०७ %) |
| ५. | दश महिने सेवाकालीन तालिम | १ (७.६९ %) |
| ६. | वा. लेभल तालिम | ........... |
| ७. | CAS सम्बन्धी तालिम | २ (१५.३८ %) |
| ८. | तलिम नै नलिएको | १ (७.६९ %) |

**स्रोत : स्थलगत भ्रमण , २०७०**

## ४.२. प्र.अ.को अवधारणा :

यस अध्ययन विश्लेषणका लागि छनौट गरिएका ३ वटा विद्यालयका प्रधानाध्यापक सित 'प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन र चुनौती' शीर्षकमा आधारित भई प्रश्नावलीको (अनुसूची–७ वमोजिमको) प्रयोग गरी सङ्कलन गरिएको थियो ।

यहाँ प्रश्नावलीको प्रयोगबाट प्राप्त भएका सूचनाहरूलाई क्रमबद्ध रूपमा निम्न बमोजिम व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१. निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्थापन र चुनौती सम्बन्धी प्रधानाध्यापकको अवधारणा :

नमूना छनौटमा परेका तीनैवटा विद्यालयका प्रधानाध्यापकहरूसित निरन्तर मूल्याङ्कनको व्यवस्थापन के कसरी गर्नुभएको भन्ने प्रश्नको जवाफमा सकेसम्म आफूहरूले सम्बन्धित सबै पक्षलाई समेटेर गरेका छौं भन्ने जवाफ पाइयो । यसको वर्तामान अवस्था तालिका नं.–४.१ मा प्रस्तुत गरिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन सम्बन्धी देखिएका चुनौतीहरूका सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा थुप्रै चुनौतीहरू रहेको कुरा पाइयो । जसमध्ये शिक्षक हरू निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी तालिम प्राप्त नहुनु , विभिन्न कारणहरूले गर्दा विद्यार्थीहरूको दैनिक उपस्थिति / हाजिरी नहुनु , निरन्तर मूल्याङ्कनको प्रयोगबारे शिक्षकहरूमा पर्याप्त सीप / ज्ञान नहुनु , कक्षा दोहो~याउने दर बढी हुनु आदि प्रमुख रहेका जानकारी पाइयो ।

देखिएका चुनौतीहरू पन्छाउन तपाईले अवलम्वन गरेका उपायहरू के–के हुन् भन्ने प्रश्नको जवाफमा प्रधानाध्यापक त्रयबाट शिक्षकहरूलाई निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी तालिम लिन पठाउने गरेको , विद्यार्थीको दैनिक उपस्थितिमा जोड दिएको , अभिभावक सम्पर्क र प्रतिक्रियालाई अवलम्बन गरेको , कक्षा दोहो~याउने दर तथा कक्षा छाडने दर घटाउन आफू लगायत प्रत्येक शिक्षकलाई विभिन्न उपायहरू अपनाइ प्रयास गर्न लगाएको जानकारी पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा देखिएका समस्याहरूका सम्बन्धमा प्रधानाध्यापकहरूद्वारा निम्न समस्याहरू औँल्याइयो :

१. शिक्षकहरूलाई यसको प्रयोग तथा व्यवस्थापन सम्बन्धी तालिमको अभाव ,
२. विद्यालय व्यवस्थापन समिति , शिक्षक र अभिभावकबीच सुमधुर सम्बन्धको अभाव ,
३. विभिन्न कारणले विद्यार्थीको उपस्थिति नहुनु ,

४. शिक्षक दरवन्दी कम र विद्यार्थी सङ्ख्या बढी हुनु ,
५. आवश्यक शैक्षिक सामग्रीको अभाव ,
६. समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु ,
७. माथिल्लो निकायबाट अनुगमनको अभाव ,
८. यसको व्यवस्थापन, कार्यान्वयन आदिका सम्बन्धमा माथिल्लो निकायबाट निर्देशनन दिइनु ,
९. अभिभावक जागरूक नहुनु ।

के–के गर्दा यसको प्रभावकारी व्यवस्थापन गर्न सकिन्छ ? भन्ने प्रश्नको जवाफमा प्रधानाध्यापकहरूबाट देखिएका समस्याहरू समाधान गर्न सके यसको प्रभावकारी व्यवस्थापन गर्न

सकिन्छ भन्ने जानकारी पाइयो । यसका चुनौती एवम् समस्याहरू निराकरण गर्न सके यसको समुचित व्यवस्थापन र कार्यान्वयन गर्न सकिने विचार प्रधानाध्यापक त्रयबाट पाइयो ।

### ४.२.२. निरन्तर मूल्याङ्कन प्रणालीको सबल र दुर्वल पक्षहरू सम्बन्धी प्रधानाध्यापकहरूको अवधारणा :

निरन्तर मूल्याङ्कन प्रणालीका सबलपक्ष तथा दुर्वल पक्षका बारेमा प्रधानाध्यापकहरूबाट औंल्याइएका कुराहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

**सबलपक्ष :**

१. परीक्षाको डर , सन्त्रासबाट मुक्तराख्न प्रभावकारी मानिनु ,

२. विभिन्न पक्षको मूल्याङ्कन गर्न सकिनु ,

३. उदार कक्षोन्नति अपनाउन यसले महत्वपूर्ण सहयोग गर्नु ,

४. कक्षा छाड्ने तथा दोहोऱ्याउने दर न्यून गर्न अति सहयोगी हुनु ,

५. उद्देश्य अनुसार सिकाइ उपलब्धि प्राप्त हुनु ,

६. मनोवैज्ञानिक शिक्षण सिकाइ हुनु ।

**दुर्वल पक्ष :**

१. निरन्तर अभिलेख राख्न झन्झटिलो हुनु ,

२. विद्यार्थीका प्रत्येक पक्षको मूल्याङ्कन गर्न कठिनाइ हुनु ।

३. विधिपूर्वक निरन्तर मूल्याङ्कन गर्न गाऱ्हो हुनु ,

४. व्यवहारिक रूपमा प्रयोग गर्न गाऱ्हो हुनु ,

५. प्रत्येक दिन गर्नुपर्ने भएकोले झन्झटिलो तथा अनावश्यक बोझजस्तो महसुस हुनु ।

माथिका अवधारणाबाट प्रधानाध्यापकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई यसको उद्देश्य अनुसार प्रयोग गर्दा अति नै प्रभावकारी हुन सक्ने कुरा व्यक्त गरेको पाइन्छ । यहाँ दुर्वल पक्ष भन्दा सबल पक्ष नै बढी औंल्याइएको पाइयो ।

## ४.३. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन र चुनौतीका सम्बन्धमा स्रोतव्यक्ति/ वि.नि.को अवधारणा :

नमूना छनौट भित्र परेको स्रोत केन्द्रका स्रोत व्यक्ति तथा वि.नि. बाट निरन्तर मूल्याङ्कनको व्यवस्थापन र चुनौती शीर्षक माथि केन्द्रित भई प्रश्नावली अन्तर्वार्ता (अनुसूची–८ बमोजिम) को प्रयोग गरी प्राप्त सूचना तथा जानकारीलाई देहायबमोजिम बुँदागत रूपमा उल्लेख गरिएको छ :

१. यस स्रोत केन्द्रका विद्यालयहरूमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन सन्तोषजनक रहेको प्रतिक्रिया पाइयो ।
२. विद्यालयमा गरिने मूल्याङ्कन निरन्तर हुनु पर्नेमा शैक्षिक सत्रको अन्त्यमा मात्र मूल्याङ्कन गरेको प्रतिक्रिया पाइयो ।
३. व्यवहारिक भन्दा सैद्धान्तिक कुरामा जोड दिएर औपचारिकता मात्र पूरा गरेको विचार पाइयो ।
४. यसको व्यवस्थापनका प्रमुख समस्याहरू शिक्षकहरूमा ज्ञान र सीपको अभाव हुनु , विद्यार्थीको दैनिक उपस्थिति नहुनु , शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरवन्दी नहुनु आदि प्रतिक्रिया पाइयो ।

५. निरन्तर मूल्याङ्कन प्रणालीको मर्म अनुसार काम नभएको देखिएको प्रतिक्रिया पाइयो ।
६. माथिल्लो निकायको भूमिका सम्बन्धमा निरन्तर र नियमित अनुगमन हुनुपर्ने विचार पाइयो । समय-समयमा तालिम, गोष्ठी आदि आयोजना गर्नुपर्ने प्रतिक्रिया पाइयो ।
७. यस सङ्ग सम्बन्धित आफ्ना अनुभवहरू तथा सल्लाह सुझावको सम्बन्धमा यसको व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयका सरोकारवाला सबै क्षले आ–आफ्ना् दायित्व पूरा गर्नु पर्ने सहकार्य गरेर अगाडि बढ्नुपर्ने प्रतिक्रिया पाइयो ।

### ४.३.१. विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने सूचकमा प्रभाव पार्ने तत्वहरू :

विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने सूचाङकहरूमा प्रभाव पार्ने तत्वहरू के–के होलान् भन्ने प्रश्नको जवाफमा निम्न अनुसारको जवाफ पाइएको थियो ।

१. घरको आर्थिक अवस्था कमजोर हुनु ,

२. बसाइसराइ ,

३. अभिभावकमा चेतनाको कमी ,

४. बालमैत्री वातावरणको कमी ,

५. आधुनिक तथा मनोवैज्ञानिक शिक्षण प्रक्रियाको अभाव हुनु ,

६. अवैज्ञानिक परीक्षा प्रणाली ,

७. अवैज्ञानिक मूल्याङ्कन प्रणाली ।

माथि उल्लेखित प्रभावक तत्वहरूमा सुधार ल्याउन सके भने कक्षा छाडने तथा कक्षा दोहोऱ्याउने दरलाई अझ घटाउन सकिने विचार शिक्षकहरूबाट पाइयो ।

## ४.३.२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन हुन नसक्नाका समस्याहरू :

प्राथमिक तहमा निरन्तर विद्यार्थीको मूल्याङ्कन प्रणाली व्यवस्थापनको समुचित व्यवस्थापनका प्रयास गरिए पनि व्यवस्थापन हुन नसक्नुका कारणहरू निम्नानुसारका पाइयो ।

१. विद्यार्थीहरू दैनिकरूपमा उपस्थित नहुनुका कारणले व्यवहार परिवर्तनको मूल्याङ्कन गर्न कठिन हुनु ,

२. निरन्तर मूल्याङ्कनको प्रयोगको तरिकाबारे अधिकांश शिक्षकहरूमा ज्ञान / सीपको अभाव हुनु ,

३. गृहकार्य नियमित रूपमा नगर्नु ,

४. विद्यार्थीको चाप बढी हुनु ,

५. अधिकांश अभिभावकले आ–आफ्ना बालबालिकाप्रति ध्यान नदिनु ,

६. अभिभावकसितको सम्पर्क तथा क्रिया प्रतिक्रियाको अभाव हुनु ,

७. अभिभावकको सामुदायिक विद्यालय प्रतिको मोह घटनु ,

८. नियमित रूपमा अनुगमन नगरिनु ,

९. सम्बन्धित निकाय सक्रिय नभई निष्क्रियझैं देखिनु ।

## ४.४ अभिभावक अवधारणा :

नमूना छनौटमा परेका तीनवटै विद्यालयबाट ४/४ जना पर्ने गरी जम्मा १२ जना अभिभावकहरूसित प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता (अनुसूची–९बमोजिम) सञ्चालन गरिएको थियो । अभिभावकहरूबाट प्राप्त सूचना तथा जानकारीको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणालीको बारेमा १२ जना मध्ये ८ जना (६६.६६%) सधैं चलिरहने मूल्याङ्कनको प्रक्रिया हो भनी धारणा पाइयो भने ४ जना (३३.३३%) मा यस सम्बन्धी जानकारी नै नरहेको तथ्य फेला पारियो ।

व्यवस्थापनका कमजोरीहरूका सम्बन्धमा खासगरी विद्यालय, विद्यालय प्रशासन तथा शिक्षक लगायत प्रधानाध्यापकको कमजोरी रहेको कुरा औंल्याइयो ।

समुचित व्यवस्थापनका उपायहरूका सम्बन्धमा अभिभावकहरूमा आफूहरू पनि सजग हुनु पर्ने खास गरी प्रधानाध्यापक , शिक्षक तथा माथिल्लो निकायले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा सुधार ल्याउनका लागि सम्बन्धित सवैपक्ष सक्रिय रूपले लाग्नु पर्ने प्रतिक्रिया अभिभावकहरूबाट पाइयो । सल्लाहका रूपमा उनीहरूबाट हुन सक्ने सहयोग गर्न आफूहरू तयार रहेको र सम्बन्धित निकायलाई आवश्यक सहयोग गर्न पछि नपर्ने प्रतिबद्धता समेत व्यक्त गरियो ।

## ४.५. निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव :

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा शिक्षकहरूलाई गरिएको प्रश्नको जवाफमा प्रत्येक शिक्षकबाट सकारात्मक प्रतिक्रिया पाइयो । यसले दिन प्रतिदिन विद्यार्थीको उपलब्धि बढ्दै गएको प्रतिक्रिया पाइयो । विद्यार्थीको उपस्थिति , नियमिततामा सुधार भएको , विद्यार्थीको औसत उपलब्धि क्रमिक रूपमा बढ्दै गएको प्रतिक्रिया पाइयो ।

त्यसै गरी प्र.अ.हरूसित यसले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा गरिएको प्रश्नको जवाफमा पनि सकारात्मक प्रतिक्रिया पाइयो । यसको प्रयोगले विद्यार्थीको उपस्थितिमा स्धार आएको , औसत उपलब्धि बढ्दै गएको प्रतिक्रिया पाइयो । यसले विद्यालयमा कक्षा दोहोऱ्याउने दर तथा विद्यालय छाड्ने दर पनि घटेको प्रतिक्रिया पाइयो ।

त्यसैगरी वि.नि तथा स्रोत व्यक्तिसित निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको उपलब्धिमा पारेको प्रभाव बारे गरेको प्रश्नको जवाफमा शिक्षक , प्र.अ. जस्तै सकारात्मक प्रतिक्रिया पाइयो । केही नीतिगत त्रुटि , फितलो कार्यान्वयन व्यवस्था आदिका कारण यसको प्रभावमा कमी देखिए पनि यसले विद्यार्थीको उपलब्धि क्रमिकरूपमा वढाउदै गएको प्रतिक्रिया पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा अभिभावकसित लिइएको अन्तर्वार्ताबाट पनि सकारात्मक प्रतिक्रिया पाइयो । यसको प्रभावकारी व्यवस्थापन तथा कार्यान्वयन गर्न सके अझ प्रभावकारी हुन सक्ने तथा उपलब्धि शत प्रतिशत बढ्न सक्ने सम्भावना रहेको प्रतिक्रिया अभिभावकबाट पाइयो ।

यसरी निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा शिक्षक , प्र.अ. , वि.नि., स्रोत व्यक्ति तथा अभिभावक सबैको सकारात्मक प्रतिक्रिया पाइयो । यसको समुचित व्यवस्थापन तथा कार्यान्वयन गर्न सके विद्यार्थीको उपलब्धि बढाउन यो महत्वपूर्ण कुरा हुन सक्ने सम्भावना औँल्याइयो ।

## ४.६. समस्या समाधान सम्बन्धि केन्द्रीभूत छलफल (FGD) :

निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन तथा कार्यान्वयनका क्षेत्रमा देखिएका समस्या समाधानका सम्बन्धमा शिक्षक, प्र. अ., वि.नि., स्रो व्यक्ति तथा अभिभावकबाट पाइएको प्रतिक्रियालाई समष्टिगत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. अभिभावकको आर्थिक अवस्था सबल बनाउन जोड दिनुपर्ने,
२. बसाइसराइलाई निरूत्साहित पार्नु पर्ने,
३. अभिभावकमा चेतना जगाउनु पर्ने,
४. बालमैत्री वातावरण निर्माण गर्नुपर्ने,

५. आधुनिक तथा मनोवैज्ञानिक शिक्षण प्रक्रिया अवलम्बन गर्नु पर्ने,

६. वैज्ञानिक परीक्षा प्रणाली अपनाउनु पर्ने,

७. वैज्ञानिक मूल्याङ्कन प्रणाली अपनाउनु पर्ने

८. निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोगको तरिकाबारे शिक्षकहरूमा ज्ञान, सीप अभिवृद्धि गर्नु पर्ने,

९. गृहकार्य नियमित रूपमा गराउनु पर्ने,

१०. विद्यार्थीको चाप अनुसार शिक्षकको व्यवस्था हुनु पर्ने,

११. अभिभावक सम्पर्क बढाउनु पर्ने,

१२. नियमित रूपमा अनुगमन हुनु पर्ने,

१३. सम्बन्धित निकाय सक्रिय हुनु पर्ने आदि ।

## परिच्छेद– पाँच

### ५.१. प्राप्तिहरू :

विद्यार्थीलाई शैक्षिक कार्यक्रमको महत्वपूर्ण लगानीका रूपमा लिइन्छ । विद्यार्थीले प्राप्त गरेका ज्ञान , सीप , दक्षता / क्षमता आदिको प्रभावकारी मूल्याङ्कन अत्यावश्यक हुन्छ । शिक्षण विधिको प्रभावकारिता कस्तो छ ? विद्यार्थीहरूलाई कुन–कुन पक्षमा पृष्ठपोषण दिन आवश्यक छ ? भन्ने जस्ता विविध पक्षहरू विद्यार्थी मूल्याङ्कनसङ्ग सम्बन्धित पक्षहरू हुन् । त्यसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन तथा कार्यान्वयन हुनु अत्यावश्यक हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट विद्यार्थीका समग्र शैक्षिक क्रियाकलापहरू र उपलब्धिहरूको मूल्याङ्कन गरिने परिपाटीले विद्यार्थीको शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्ने कुरा निर्विवाद देखिन्छ । तर वर्तमानमा प्राथमिक तहमा यसको समुचित व्यवस्थापनमा केही प्रश्न उठेको देखिन्छ ।

यसरी प्राथमिक तहमा लागूभएको निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनको अवस्था के–कस्तो रहेको छ , यसका के–कस्ता चुनौतीहरू रहेका छन् भन्ने कुरा पत्ता लगाउने उद्देश्यले गरिएको यस अध्ययन विश्लेषणका विभिन्न क्रियाकलापहरूबाट आएका सूचना तथा जानकारीहरूलाई व्याख्या तथा विश्लेषण गर्दा आएका प्राप्तिहरूलाई अनुच्छेदमा निम्नानुसार प्रस्तुत गरिएको छ :

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन, कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दा निर्दिष्ट विद्यालयहरूमा यसको समुचित व्यवस्थापनका लागि हरेक पक्षबाट प्रयास गरिए पनि समुचि व्यवस्थापन भएको पाइएन । हरेक विद्यालयमा भौतिक सुविधा, शैक्षिक सामग्रीको अभाव, शिक्षक र विद्यार्थीको अनुपात समुचित नरहेको देखियो । निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनको प्रमुख कारक तत्वका रूपमा अवैज्ञानिक मूल्याङ्कन प्रणाली रहेको देखियो । हरेक विद्यालयमा आवधिक परीक्षामा जोड

दिइएको पाइयो । यसका विभिन्न साधनहरूको प्रयोगको अवस्था निकै फितलो देखियो । कतिपय शिक्षकहरूलाई यसको बारेमा खासै जानकारी नरहेको अवस्था पाइयो । सबै शिक्षकहरूले यस सम्बन्धमा तालिम प्राप्त गरेको देखिएन । यस सम्बन्धीत ज्ञान, तालिमको अभावले पनि यसको

कार्यान्वयनमा प्रभाव पारेको पाइयो । यसको प्रभावकारी कार्यान्वयनका लागि प्र. अ. हरूको पनि सक्रिय भूमिका पाइएन । त्यसैगरी माथिल्ला निकायहरूको पनि सक्रियताको अभाव देखियो ।

यसरी प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन, कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दा यसको अवस्था सन्तोषजनक देखिएन/पाइएन ।

## ५.२. निष्कर्षहरू :

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन गर्न सकेमा तथा यसका चुनौतीहरू पत्ता लगाई पन्छाउन सकेमा समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्ने कटु सत्यलाई नकार्न नसकिने भएकोले यस प्रणालीमा देखिएका कमी कमजोरीहरूलाई हटाई यसको समुचित व्यवस्थापन पश्चात् प्रभावकारी कार्यान्वयन अत्यावश्यक रहेको देखिन्छ ।

वास्तवमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको समुचित एवम् प्रभावकारी व्यवस्थापनका लागि कुनै एक पक्षले प्रयास गरेर सम्भव हुदैन । यसका लागि शिक्षक , प्रधानाध्यापक , अभिभावक , माथिल्ला निकाय , सम्बन्धित सवै पक्षले आ–आफ्नो स्थानबाट अहम भूमिका खेल्नुपर्दछ । वर्तमान परिप्रेक्ष्यमा शिक्षक र प्रधानाध्यापक मात्र यसको व्यवस्थापनमा कम्मर कसेर लागेको देखिन्छ । यस अध्ययनमा यस क्षेत्रका विद्यालयहरूको प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन स्थितिलाई यथार्थरूपमा बुझ्नेकार्य गरिएको थियो । सम्बन्धित विद्यालयमा गरिएको स्थलगत भ्रमण, विभिन्न महानुभावहरूसङ्गको भेटघाटमा लिइएको अन्तर्वार्ता प्रश्नावलीको क्रममा सूचना सङ्कलनका हरेक साधनहरूको प्रयोगबाट प्राप्त नतिजाका आधारमा निरन्तर मूल्याङ्कन

प्रणालीको मर्म अनुसार यसको समुचित व्यवस्थपान गर्न नसकिएको र यसलाई व्यवस्थापन पश्चात् प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सवै पक्षले सक्दो सहयोग गर्नुपर्ने आवश्यकता रहेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा प्रभाव पार्ने प्रमुख तत्वको रूपमा विद्यार्थीको अनुपस्थिति रहेको पाइयो । त्यसर्थ विद्यार्थीको उपस्थितिमा ध्यान दिनैपर्ने , विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको व्यवस्था हुनुपर्ने , बेलाबेलामा शिक्षकहरूलाई यस सम्बन्धी

तालिम दिइनुपर्ने , माथिल्लो निकायबाट समय–समयमा अनुगमन हुनुपर्ने , अभिभावकहरू सचेत हुनुपर्ने आदिजस्ता पक्षलाई यस अध्ययनले उजागर गरेको छ । यसको व्यवस्थापनलाई जटिल समस्याका रूपमा नलिई सरल ढङ्गले लिनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

पोर्टफोलियो व्यवस्थापन विद्यार्थी मूल्याङ्कनको एउटा भरपर्दो साधन भएकोले यसलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्नुपर्ने देखिन्छ । निरन्तर मूल्याङ्कनका लागि हरेक साधनको महत्वलाई आत्मसात गरी आवश्यकता अनुसार प्रयोग गरी मूल्याङ्कन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । हरेक पक्षले आपसमा समन्वय गरी यसको समुचित व्यवस्थापन गर्न सकिने देखिन्छ ।

निष्कर्षमा उल्लेख गर्नुपर्दा यस अध्ययनका लागि छनौट गरिएका तीनवटै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पूर्णरूपमा लागू नगरिएको , व्यवस्थापन समुचित रूपमा नगरिएको पाइयो । उदार कक्षोन्नति भनेको फेल गराउन नपाउने र निरन्तर मूल्याङ्कन भनेको परीक्षा लिन नपाउने अन्य शिक्षकको धारणाले यसको व्यवस्थापनमा चुनौती थपेको देखिन्छ । यसलाई सवै पक्षले समन्वय गरी अगाडि बढाउन सकेमा यसको समुचित व्यवस्थापन हुन सक्ने ठोकुवा दिन सकिन्छ ।

## ५.३ सुझावहरू :

समष्टिगत अध्ययनबाट प्राप्त सूचना तथा निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थापनमा देखिएका वस्तुस्थितिलाई ध्यानमा राखी देहाय वमोजिमका सुझावहरू दिइन्छ :

प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको समुचित व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको भौतिक अवस्थामा सुधार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । विद्यालयमा प्रयाप्त मात्रामा शैक्षिक सामग्रीहरू, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी उपलब्ध गराउनु पर्ने देखिन्छ ।

नीतिगत कुराको सन्दर्भमा हरेक विद्यालयमा कडाइका साथ अनिवार्य रूपमा लागू गर्नै पर्ने नीति ल्याउनु पर्ने देखिन्छ । केवल सैद्धान्तिक रूपमा नभई व्यवहारिक रूपमा यसको कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । जिल्ला, स्रोतकेन्द्र, स्तरीय तालिम, सबै शिक्षकका लागि अनिवार्य तालिम, पुनर्ताजगी तालिमको नीति ल्याउनु पर्ने आवश्यकता रहेको देखिन्छ । निरन्तर रूपमा माथिल्लो निकायबाट अनुगमन तथा निरीक्षण गरिनुपर्ने नीति ल्याउनु पर्ने देखिन्छ । समुचित व्यवस्थापन तथा

प्रभावकारी कार्यान्वयन गरेको विद्यालयलाई श्रेणीकरण गर्दै पुरस्कृत गर्नु पर्ने नीति ल्याइनु पर्ने देखिन्छ ।

कार्यान्वयनको प्रसङ्गमा हरेक विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनलाई प्रभावकारी वनाउन यसका विभिन्न साधनहरूको प्रयोगमा जोड दिनु पर्ने देखिन्छ । शिक्षक, प्र.अ., अभिभावक, वि.नि., स्रोत व्यक्ति हरेक पक्षको आपसी समन्वयको आवश्यकता रहेको देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद र आनन्द पौडेल (२००६६), ***शिक्षा शास्त्र र नेपालमा शिक्षा,*** बागबजार, काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

आचार्य, राजेन्द्रकुमार (२०६७), ***शैक्षिक मूल्याङ्कन,*** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

खडका, कुल बहादुर (२०६९), ***निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यान्वियनको अवस्था,*** अप्रकाशित एम.एड.शोधपत्र त्रि.वि.,कीर्तिपुर , काठमाडौं ।

खनाल, पेशल (२०६७), ***शैक्षिक अनुसन्धान पद्दति,*** सनलाइट पब्लिकेशन कीर्तिपुर ।

खनाल, श्रीप्रसाद (२०६६), ***कार्यक्रम मूल्याङ्कन,*** काठमाडौं :जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

जवरा, प्रा. स्वय प्रकाश, किरणराम श्रेष्ठ र रञ्जितकार (२०६७) , शिक्षामा मापन तथा मूल्याङ्कन

,

काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), ***निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वियन पुस्तिका,*** नेपाल सरकार शिक्षा मन्त्रालय, सानो ठिमी, भक्तपुर ।

टुकी संघ सुनकोसी (२०६८), ***निरन्तर मूल्याङ्कन प्रणाली विशेष बुलेटिन-२०६८,*** सिन्धुपाल्चोक ।

न्योपाने, विनोद (२०६७), ***माध्यमिक शिक्षक दर्पण,*** काठमाडौं : बौद्धिक प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), ***प्राथमिक शिक्षा पाठ्यक्रम २०६५,*** सानोठिमी भक्तपुर ।

पठ्यक्रम विकास केन्द्र (२०६३), ***राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३,*** शिक्षा तथा खेलकुद मन्त्रालय, सानो ठिमी, भक्तपुर ।

भट्ट, टेकेन्द्रप्रसाद (२०६५), ***प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति व्यवस्थाको कार्यान्वियन स्थिति,*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., कीर्तिपुर ।

शर्मा एण्ड शर्मा (२०६६), ***शिक्षाका आधारहरु*** , काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्टिव्युटर्स का एम.के. पब्लिसस एण्ड डिष्ट्रिव्यूटर्स, भोटाहिटी, काठमाडौं ।

शर्मा, डण्डपाणी र दिवाकार शर्मा, (२०६७), ***शिक्षक सेवा दिग्दर्शन (प्रा.वि. तह),काठमाडौं*** प्रज्ञान प्रकाशन ।

***उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन*** (२०५५), काठमाडौँ, केशरमहल ।

***विद्यालय क्षेत्र सुधार योजना ( SSRP) (२०६६-२०७२),*** काठमाडौँ , केशरमहल ।

***शिक्षा आयोगको प्रतिवेदन,*** (२०४९), काठमाडौँ : शिक्षा मन्त्रालय ,

शिक्षा सेवा आयोग (२०२८-३२), ***शिक्षा ऐन २०२८ ( संशोधन २०६५, माघ २८ )*** ।

Koul, L(2002). ***Methodology of Education Research (3rd ed).*** Vikash Publication House, New Delhi

Popham, W james (1975), ***Education Evaluation, Englewood Clifs,*** New jersey : PrenticeHall

Ranjitkar, Kiranram (2010), ***Curriculum Therory,*** Quest Publication, Kirtipur Kathmandu

Salyor, j. Halen and Alexander, William M (1973), ***Planning Curriculum for School.*** New York: helt Rinehart and Winston, Inc.

Schrio, Michael Stephen (2000), ***Curriculum Theory Conflicting Visian of Enduring Cooncerns,*** California: SAGE Publiction.

Worthen, B.R., and Sanders, J.R. (1987). ***Educational Evaluation:*** Alternative Approaches andPractical Guidelines, New York: Logman.

# अनुसूची–१

## छनौटमा परेका विद्यालयहरूको नामावली :

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री राष्ट्रिय माध्यमिक विद्यालय फत्तेपुर | फत्तेपुर–३ , सप्तरी |
| २. | श्री कंकालनी माध्यमिक विद्यालय पोर्ताहा | पोर्ताहा–२ , सप्तरी |
| ३. | श्री राष्ट्रिय माध्यमिक विद्यालय बनरैतटोल | बरमझिया–९ , सप्तरी |

# अनुसूची– २

## अभिमत तथा खुल्ला प्रश्नावलीमा सहभागी शिक्षकको नामावली :

| क.सं. | शिक्षकको नाम | शैक्षिक योग्यता | अध्यापनगर्ने विषय | विद्यालयको नाम |
|---|---|---|---|---|
| १. | श्री राजनारायण यादव | वी.एड्. | गणित , सामाजिक | श्री रा.मा.वि. फत्तेपुर , सप्तरी |
| २. | श्री सुरेश दास | एम. ए. | अंग्रेजी | श्री रा.मा.वि. फत्तेपुर , सप्तरी |
| ३. | श्री खुविन्द्र यादव | आइ.ए. | गणित , वातावरण | श्री कंकालनी मा.वि. पोर्ताहा , सप्तरी |
| ४. | श्री ललिता संग्रौला | आइ.एड्. | नेपाली , अंग्रेजी | श्री कंकालनी मा.वि. पोर्ताहा , सप्तरी |
| ५. | श्री विश्वनाथ खड्गा | एस.एल.सी र १०महिने सेवाकालिन तालिम | गणित, जनसङ्ख्या | श्री रा.मा.वि. बनरैतटोल, सप्तरी |
| ६. | श्री वीभारानी सिंह | आइ.ए. | नेपाली , अंग्रेजी | श्री रा.मा.वि. बनरैतटोल, सप्तरी |

# अनुसूची–३

## प्रश्नावलीमा सहभागी विद्यालयका प्रधानाध्यापकहरूको नामावली :

| क.सं. | प्रधानाध्यापकको नाम | विद्यालयको नाम |
|---|---|---|
| १. | श्री प्रेमकुमार सुब्बा | श्री रा.मा.वि. फत्तेपुर |
| २. | श्री रामगोविन्द मंडल | श्री कंकालनी मा.वि. पोर्ताहा |
| ३. | श्री कृष्णानन्द रजक | श्री रा.मा.वि. बनरैतटोल |

# अनुसूची–४

## प्रश्नावलीमा सहभागी श्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको नामावली :

| क.सं. | श्रोतव्यक्ति तथा वि.नि. को नाम | श्रोतकेन्द्र तथा कार्यलय |
|---|---|---|
| १. | श्री अर्जुन खड्का (वि.नि.) | जि.शि.का सप्तरी |
| २. | श्री दामोदर ठाकुर (स्रोत व्यक्ति) | सर्वोदय उच्च मा.वि. स्रोतकेन्द्र |
| ३. | | |

# अनुसूची–५

## असंरचित अन्तर्वार्तामा सहभागी अभिभावकहरूको नामावली :

| क.सं. | अभिभावकको नाम | ठेगाना | विद्यालयको नाम |
|---|---|---|---|
| १. | श्री दुर्गा फुँयाल | फत्तेपुर–२ | श्री रा.मा.वि.फत्तेपुर |
| २. | श्री सुकदेब चौधरी | फत्तेपुर–३ | श्री रा.मा.वि.फत्तेपुर |
| ३. | श्री वसन्त अधिकारी | फत्तेपुर–४ | श्री रा.मा.वि.फत्तेपुर |
| ४. | श्री देवी झा | फत्तेपुर–२ | श्री रा.मा.वि.फत्तेपुर |
| ५. | श्री शम्भु खिडहरी यादव | पोर्ताहा–३ | श्री क.मा.वि.पोर्ताहा |
| ६. | श्री कैलाश दास | पोर्ताहा–१ | श्री क.मा.वि.पोर्ताहा |
| ७. | श्री रामसेवक पघैया | पोर्ताहा–४ | श्री क.मा.वि.पोर्ताहा |
| ८. | श्री अर्चना गुप्ता | मधवापुर–६ | श्री क.मा.वि.पोर्ताहा |
| ९. | श्री कैलु सरदार | ठेलिया–८ | श्री रा.मा.वि.बनरैतटोल |
| १०. | श्री गीता देवी खंग | ठेलिया–७ | श्री रा.मा.वि.बनरैतटोल |
| ११. | श्री गंगाई यादव | बरमझिया–९ | श्री रा.मा.वि.बनरैतटोल |
| १२. | श्री विनिता चौधरी | ठेलिया–८ | श्री रा.मा.वि.बनरैतटोल |

# अनुसूची–६

## शिक्षक अवधारणा प्रश्नावली

### पृष्टभूमि

प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली (CAS) को व्यवस्थापन र चुनौती के–कस्ता रहेका छन् भन्ने विषयमा केन्द्रित रहेर गरिएको प्रस्तुत अध्ययन विश्लेषणका लागि शिक्षकहरूको अवधारणा , प्रतिक्रिया बुझ्ने उद्देश्यले शिक्षक अवधारणा प्रश्नवावली ( लिकर्ट स्केल नमूना ) प्रस्तुत गरिएको साथै प्रश्नावलीमा तपाईले दिएको उत्तर पूर्ण रूपले गोप्य राखिने छ ।

अनुरोधकर्ता
**मनोज कुमार दास**

शिक्षकको नाम :–                                   उमेर :–

विद्यालयको नाम :–                                अध्यापन गर्ने विषयः–

शिक्षण अनुभव :–

शैक्षिक योग्यता :–

तालिम :–

१. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कनबारे के बुझ्नुभएको छ ?

..........................................................................................................

..........................................................................................

२. उदार कक्षोन्नति बारे तपाइको के अवधारणा रहेको छ ?

..........................................................................................................

..........................................................................................

३. तपाईको विचारमा निरन्तर मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपलब्धिमा के–कस्तो प्रभाव पारेको छ ?

................................................................................................

................................................................................................

४. निरन्तर मूल्याङ्कनको व्यवस्थापन के–कसरी गर्नुभएको छ ?

..........................................................................................................

..........................................................................................

५. निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थापनका समस्याहरू के–के हुन् ?

..........................................................................................................

..........................................................................................

६. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा तथा कार्यान्वयनमा देखिएका समस्याहरू निवारणका लागि के–कस्ता उपायहरू अपनाउन सकिन्छ ?

..........................................................................................................

..........................................................................................

७. व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन तपाई के सल्लाह दिन चाहनुहुन्छ ?

..........................................................................................................

..........................................................................................

# अनुसूची–७

## प्रधानाध्यापकसङ्गको प्रश्नवाली :

नाम :–

विद्यालयको नाम :–

शिक्षण अनुभव :–

शैक्षिक योग्यता :–

उमेर :–

तपसिल बमोजिमका प्रश्नहरूमा आधारित सूचना, विचार तथा जानकारी सङ्कलन गरिएको थियो ।

१. निरन्तर मूल्याङ्कनको प्रणालीको व्यवस्थापन तपाईले के–कसरी गर्नुभएको छ ?

....................................................................................................

.......................................................................................

२. व्यवस्थापनका समस्याहरू के–के पाउनुभएको छ ?

....................................................................................................

.......................................................................................

३. देखिएका समस्याहरू पन्छाउन तपाईले अवलम्बन गरेका उपायहरू के–के हुन् ?

....................................................................................................

.......................................................................................

४. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्दा आइपरेका समस्याहरू के–के हुन् ?

....................................................................................................

.......................................................................................

५. के–कस्ता उपायहरूद्धारा निरन्तर मूल्याङ्कन प्रणालीको समुचित व्यवस्थापन गर्न सकिन्छ ?

....................................................................................................

.......................................................................................

६. निरन्तर मूल्याङ्कन प्रणालीका सबल तथा दुर्वल पक्ष के–के हुन् ?

....................................................................................................

.......................................................................................

# अनुसूची – ८

## स्रोतव्यक्ति तथा वि.नि. सङ्ग प्रयुक्त प्रश्नावली :

१. तपाईको स्रोतकेन्द्रमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापन पक्षको अवस्था कस्तो पाउनु भएको छ ?

...............................................................................................................

...........................................................................................

२. यस प्रणालीको व्यवस्थापनका प्रमुख समस्याहरू के–के हुन् ?

...............................................................................................................

...........................................................................................

३. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा देखिएका समस्याहरू समाधानका लाीग माथिल्लो निकायको भूमिका कस्तो पाउनु भएको छ ?

...............................................................................................................

...........................................................................................

४. तपाईसङ्ग भएका यस सङ्ग सम्बन्धित केही अनुभव होलान् नि होइन ?

...............................................................................................................

...........................................................................................

५. निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनका लागि केही सल्लाह तथा सुझाव दिन चाहनुहुन्छ ?

...............................................................................................................

...........................................................................................

# अनुसूची –९

## अभिभावक अन्तर्वार्ता :

१. तपाईले निरन्तर मूल्याङ्कन प्रणालीबारे सुन्नुभएको छ ? यसबारेमा तपाईको के विचार छ ?

.....................................................................................................................

...........................................................................................

२. तपाईको विचारमा निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनका कमजोरीहरू के–के हुन् ?

.....................................................................................................................

...........................................................................................

३. के–कस्ता उपायहरू अपनाउँदा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी व्यवस्थापन होला ?

.....................................................................................................................

...........................................................................................

४. यसको व्यवस्थापनका सम्बन्धमा तपाईले केही सल्लाह दिन चाहनुहुन्छ ?

.....................................................................................................................

...........................................................................................

५. के–कस्ता उपायहरू अपनाउन सकियो भने निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनमा सुधार होला ?

.....................................................................................................................

...........................................................................................

## तालिका नं.– ४.१

## निरन्तर विद्यार्थी मूल्याङ्कन का लागि प्रयुक्त साधनको व्यवस्थापन सम्बन्धी विवरण :

| क.सं. | मूल्याङ्कनका साधनहरू | प्रयोग गर्ने शिक्षकको संख्या र प्रतिशत | समय |
|---|---|---|---|
| १. | हाजिरी / दैनिक उपस्थिति | ६ (१००%) | दैनिक |
| २. | कक्षा कार्य | ५ (८३.३३%) | दैनिक |
| ३. | गृह कार्य | ५ (८३.३३%) | दैनिक |
| ४. | मौखिक परीक्षा | ४ (६६.६६%) | सप्ताहिक |
| ५. | सरसफाइ | ३ (५०%) | सप्ताहिक |
| ६. | त्रैमासिक , अर्द्धवाषिक र वार्षिक परीक्षा (लिखित ) | ६ (१००%) | त्रैमासिक |
| ७. | अतिरिक्त क्रियाकलाप | ३ (५०%) | सप्ताहिक |
| ८. | घटना अभिलेख | ३ (५०%) | सप्ताहिक |
| ९. | आत्म मूल्याङ्कन | १ (१६.६६%) | कहिलेकाँही |
| १०. | अभिभावक सम्पर्क | २ (३३.३३%) | कहिलेकाँही |
| ११. | परियोजना कार्य | ३ (५०%) | वार्षिक |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७०**

# तालिका नं.–४.२

## प्रयुक्त साधनहरूको उच्च , मध्य र निम्न प्रयोगको अवस्था

| क.सं. | साधन | उच्च | मध्यम | निम्न |
|---|---|---|---|---|
| १. | हाजिरी | १००% | | |
| २. | आवधिक परीक्षा | १०० % | | |
| ३. | कक्षाकार्य | ८३.३३% | | |
| ४. | गृहकार्य | ८३.३३% | | |
| ५. | मौखिक परीक्षा | | ६६.५५% | |
| ६. | सरसफाई | | ५०% | |

| | | | | |
|---|---|---|---|---|
| ७. | अतिरिक्त क्रियाकलाप | | ५०% | |
| ८. | घटना अभिलेख | | ५०% | |
| ९. | परियोजना कार्य | | ५०% | |
| १०. | आत्ममूल्याङ्कन | | | १६.६६ % |
| ११. | अभिभावक सम्पर्क | | | ३३.३३% |

**स्रोत– तालिका नं. –४.१ ।**

# तालिका नं.–४.३

## कार्यसञ्चयिका हुनुपर्ने र विद्यालयमा भएको अवस्था :

| क.सं. | कार्यसञ्चयिका हुनुपर्ने | विद्यालयमा भएको अवस्था |
|---|---|---|
| १. | कार्यसञ्चयिका फाइल हिफाजत तथा सुरक्षित तरिकाले राख्नु पर्ने । | सुरक्षित गरेर राखेको पाइयो । |
| २. | कार्यसञ्चयिका प्रत्येक विद्यार्थीको हुनुपर्ने । | कार्यसञ्चयिका प्रत्येक विद्यार्थीको निर्माण गरेको पाइयो । |
| ३. | उपलब्धि विवरण नियमित रूपमा अद्यावधिक राख्नुपर्ने । | अद्यावधिक रूपमा राखिएको पाइएन् , परीक्षामा मात्र विवरण चढाइएको पाइयो । |
| ४. | उपलब्धि विवरण वर्षको तीन पटक अभिभावकहरूलाई देखाउनुपर्ने । | उपलब्धि विवरण वर्षको अन्तिममा मात्र देखाइएको पाइयो । अधिकांश अभिभावकहरू हेर्न नआउने गरेको पाइयो । |
| ५. | निरन्तर अभिभावकहरूलाई मौखिक रूपमा जानकारी गराउनु पर्ने । | अधिकांश अभिभावक विद्यालय नआउने गरेको पाइयो । |
| ६. | कक्षोन्नति निरन्तर मूल्याङ्कनका आधारमा गर्नुपर्ने । | निरन्तर मूल्याङ्कनमा समेटनु पर्ने हाजिरी , कक्षाकार्य , गृहकार्य , परीक्षालाई प्राथमिकता दिई मात्र रेजा लगाई मूल्याङ्कन गरेको पाइयो । |
| ७. | विद्यार्थीको सम्पूर्ण मूल्याङ्कन फाराम वर्ष–वर्षमा गरी छुट्टयाएर राख्नु पर्ने । | छुट्टयाएर राखिएको पाइएन । |
| ८. | पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू पूरा भए नभएको अभिलेख राख्नुपर्ने । | अभिलेख राखिएको पाइएन । |

# तालिका नं.–४.४

## निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अवस्था :

| क.सं. | निरन्तर मूल्याङ्कन सम्बन्धी सीप / तालिम | शिक्षक सङ्ख्या र प्रतिशत |
|---|---|---|
| १. | वी.एड्. तालिम | ३ (२३.०७ %) |
| २. | आइ.एड्. तालिम | २ (१५.३८ %) |
| ३. | आइ.एड्. सेवाकालीन तालिम | १ (७.६९ %) |
| ४. | प्र.अ. गोष्ठी | ३ (२३.०७ %) |
| ५. | दश महिने सेवाकालीन तालिम | १ (७.६९ %) |
| ६. | वा. लेभल तालिम | ........... |
| ७. | CAS सम्बन्धी तालिम | २ (१५.३८ %) |
| ८. | तलिम नै नलिएको | १ (७.६९ %) |

**स्रोत : स्थलगत भ्रमण , २०७० ।**

# संक्षिप्त रूप

वि.सं.– विक्रम सम्वत्

प्र.अ.– प्रधानाध्यापक

वि.नि.– विद्यालय निरीक्षक

उ.मा.वि.– उच्च माध्यमिक विद्यालय

मा.वि.– माध्यमिक विद्यालय

**CAS- Continueous Assisment System**

**EPH- Educational Planing & Management**

नि.वि.मू.प्र.– निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली